जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक ५१ • २०८१ साल असार २५ गते मंगलबार (9 July, Tuesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

# जनमतको बखेडाको मारमा कांग्रेस

**टुडे समाचारदाता**

जनकपुरधाम । केन्द्रीय सत्ता समीकरण फेरबदल हुनासाथ पहिलो पटक नेपाली कांग्रेस र नेकपा एमालेले सरकारको नेतृत्व मधेश प्रदेशमा जनमत पार्टीलाई दिएको छ।

सोही अनुसार कांग्रेस-एमाले-जनमत-लोसपा नेपाल बीच सत्ता समीकरणसँगै भएको गठबन्धन गर्नु अघि मन्त्रालयसमेत भागवण्डा गरिसकेका थिए।

सो भागवण्डा अनुसार लोसपा नेपालले मन्त्रीमा पठाउने नाम तयारी गरेर हेर पर्खको रणनीतिमा रहेको छ।

तर कांग्रेसले भने मुख्यमन्त्री सतीश कुमार सिंहलाई विश्वासको मत दिनु अघि गरेको सहमति अनुसार प्राप्त गरेका चार वटा मन्त्रालय पनि आन्तरि करुपमा मिलाउनु परेको थियो।

सो अनुसार कांग्रेसले मधेश प्रदेश सरकारमा पाएको भाग समेत आफ्नो समूहमा लगाइ सकेको थियो।

प्रदेश सरकारमा यस अघिको सरकारमा अवसर पाएकाहरुलाई पुनः नदोहोर्‍याउने गरी अरुलाई अवसर दिने भन्दै नयाँ मन्त्री बनाउने मापदण्ड निर्धारण गरेको थियो।

मन्त्रीको नाम आधिकारिक रुपमा सार्वजनिक भने अहिलेसम्म गरिएको छैन । तर नामको टुंगो भने लागिसकेको कांग्रेस स्रोतले जनाइसकेको छ। स्रोतका अनुसार पर्साबाट जनार्दन क्षेत्री, सर्लाहीबाट कौशल किशोर राय, रौतहटबाट सुनिल यादव र धनुषाबाट शेषनारायण यादवको नाम छनोट गरी टुंग्याएको छ।

> कांग्रेसले अर्थ मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, खानेपानी, सिँचाई तथा उर्जा मन्त्रालय र उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय पाउने नेपाली कांग्रेस मधेश प्रदेश सभापति समेत रहेका संसदीय दलका नेता कृष्णकुमार यादवले बताए ।

कांग्रेसले चार वटा मन्त्रालयमा मन्त्रीहरुको नाम छनोट गरे पनि कुन मन्त्रालयमा कसलाई पठाउने भन्ने बारे छलफलमै रहेको थियो।

कांग्रेसले अर्थ मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, खानेपानी, सिँचाई तथा उर्जा मन्त्रालय र उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय पाउने नेपाली कांग्रेस मधेश प्रदेश सभापति समेत रहेका संसदीय दलका नेता कृष्णकुमार यादवले बताए।

कांग्रेसले चार मन्त्रालयका लागि चार मन्त्रीको नाम छनोट गरे पनि सो मन्त्रीहरुको नाम भने शीर्षनेताको कोटा अनुसार भागवण्डा भएको छ।

जसले जनमतले भिकेको बखेडाका कारण कांग्रेसलाई निकै अप्ठ्यारो परेको छ।

कांग्रेसमा विभिन्न समूहहरु सक्रिय रहँदा कांग्रेसमा पनि सत्ता भागवण्डा मिलाउन निकै कठिन भएको स्रोतको दाबी छ।

सो भागवण्डा अनुसार रमेश रिजालको कोटाबाट जनार्दन क्षेत्रीको अगुवाईमा प्रदेश सरकारमा सहभागी हुने आन्तरिक योजना छ।

त्यस्तै महेन्द्र यादवको कोटाबाट सांसद शेषनारायण यादव, सभापति कृष्णा यादवको कोटाबाट सुनिल यादव र शेखर कोइरालाको कोटाबाट कौशलकिशोर रायलाई मन्त्रीका लागि अवसर दिने कांग्रेसको आन्तरिक तयारी रहेको स्रोतको दाबी छ।

तर अहिले जनमत पार्टीले कांग्रेसलाई मन्त्रालयको संख्या घटाउँदा कांग्रेस भित्रसमेत गम्भीर समस्या उत्पन्न भएको छ।

## साझेदारी दलबीच संशय उत्पन्न

# कांग्रेस वैकल्पिक सरकारको तयारीमा, जनमत केन्द्रीय निर्देशनको प्रतीक्षामा

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारको साझेदारीमा संशय उत्पन्न भइ अविश्वासको अवस्था सृजना भएको छ।

सतीशकुमार सिंहले विश्वासको मत पाएको केही दिन नबित्दै सत्ता साझेदारीमा असमझदारी उत्पन्न भएपछि जनमत पार्टीप्रतिको अविश्वासका कारण सरकार संकटमा पर्ने सम्भावना देखिन्छ।

नेपाली कांग्रस र जनमत पार्टीबीच मन्त्रिमण्डल पुनर्गठनबारे भएको पूर्वसहमति कार्यान्वयन नगरेको भन्दै कांग्रेसले आक्रोश पोखेको छ।

नेपाली कांग्रेस मधेश प्रदेशका संसदीय दलका नेता कृष्णकुमार यादवले मुख्यमन्त्री सिंहले विश्वासको मत लिनु अघि गरेको समझदारी अहिले आएर बोली फेरेको आरोप लगाए।

उनले मन्त्रालय बाँडफाँटमा कुरा नमिल्दा जनमत नेतृत्वको सरकार संकटमा परेको बताए।

उनले आफुहरुले समर्थन, मत र विश्वास गर्दा पनि जनमतसंग भएको पूर्व सहमतिबाट पछि हटेको आरोप लगाए।

असहमतिको मुल कारण नै सहमति भएको कुरालाई कार्यान्वयन नगर्नु रहेको संसदीय दलका नेता यादवले भने।



मुख्यमन्त्री सिंहलाई पहिला विश्वासको मत दिने र त्यसलगत्तै कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाललाई सरकारमा सहभागी गराउने सहमति भएको थियो । कांग्रेसलाई अर्थ मन्त्रालयसहित चार मन्त्रालय र गृह तथा सञ्चार मन्त्रालयसहित लोसपालाई दुई मन्त्रालय दिने पूर्व सहमति भएको थियो।

तर विश्वासको मत लिएपछि जनमतबाट बनेका मुख्यमन्त्री सिंहले सहमति कार्यान्वयन नगरेको असन्तुष्टि जनाउँदै कांग्रेस र लोसपा सरकारमा सहभागी हुने वातावरण नबनेको बताउन थालेका छन् । कांग्रेसले जनमतलाई सहमतिअनुसार विश्वास गरेर विश्वासको मत दिएपनि जनमत पार्टीले विश्वासको वातावरण कायम राख्न नसकेको आरोप कांग्रेस र लोसपा सांसदहरूले लगाउन थालेका छन्।

जनमतसंग भएको पूर्व सहमति अनुसार कांग्रेसले मन्त्रीहरुको नाम टुंगो लगाएर सपथ ग्रहणको तयारीमा रहेको बेला नै मुख्यमन्त्री सिंहले केन्द्रीय समितिको निर्देशनको नाममा अर्थ मन्त्रालय दिन आलटाल गरे पछि कांग्रेस र जनमतबीच अविश्वास उत्पन्न भएको संसदीय दलका नेता यादवले बताए।

उनले आफ्नो स्वाभिमानका लागि हामीले मुख्यमन्त्री सिंहलाई सदनमा विश्वासको मत दिनु पूर्व भएको सहमति कार्यान्वयन नभए यस सरकारको विकल्प खोज्ने तयारीमा लाग्ने चेतावनीसमेत दिए।

सहमति कार्यान्वयन नगरेको भन्दै कांग्रेसले आफ्नो नेतृत्वमा छुट्टै सरकार बनाउने तयारी पनि अघि बढिसकेको स्रोतले जनाएको छ। स्रोतले जनाए अनुसार सोमबार बिहान जसपा नेपाल, एमाले र लोसपाको संसदीय दलसँग छुट्टाछुट्टै पनि कांग्रेसले छलफलसमेत गरेको छ।

सो क्रममा जसपा, एमाले र लोसपाले कांग्रेस नेतृत्वलाई स्वीकार गर्दै अघि बढ्न सुझाएको स्रोतको दाबी छ । मन्त्रालय बाँडफाँटमा जनमत केन्द्रीय नेतृत्वको प्रदेशमा हस्तक्षेपका कारण सहमतिको वातावरण बिग्रिन गएको कांग्रेस मधेश प्रदेश सभापतिसमेत रहेका संसदीय दलका नेता यादवले बताए।

विश्वासको मत लिनुअघि एमालेको मन्त्रालय यथावत रहने गरी माओवादी र नेकपा एसले सम्हाल्दै आएको अर्थ मन्त्रालय, ऊर्जा, सिँचाइ तथा खानेपानी, उद्योग वाणिज्य तथा पर्यटन र भूमि व्यवस्था, कृषि तथा सहकारीसहितका चार मन्त्रालय र लोसपा नेपाललाई दुई मन्त्रालय दिने आन्तरिक सहमति भएको थियो।

तर जनमत पार्टी मधेश प्रदेशका संसदीय दलका नेता महेशप्रसाद यादवले केन्द्रीयस्तरमै मन्त्रालयबारे कुराकानी मिलेपछि एक दुई दिनमै मन्त्रिमण्डल पुनर्गठन हुने बताए।

प्रदेश सरकारबारे अहिले आएका विभिन्न विषयवस्तुबारे आफूलाई औपचारि करुपमा जानकारी नभएको बताउँदै नेता महेशप्रसाद यादवले केन्द्रमा भएको सहमति अनुसार नै मधेश प्रदेश सरकारलाई कांग्रेस र एमालेले विश्वासको मत दिएकाले सोही आधारमा मन्त्रालयबारे समेत सहमति भएपछि छिट्टै मन्त्रिपरिषद्ले पूर्णता पाउने बताए।

लोसपा नेपालका महासचिव परमेश्वर साहले आफूहरुलाई जनमत पार्टीले मधेश प्रदेश सरकारमा दुई मन्त्रालय दिने सहमति भएको स्मरण गर्दै इमान्दरीपूर्वक सहमति कार्यान्वयन गर्न माग गरे।

आन्तरिकरुपमा एमालेसंग साँठगाँठ गर्दै जनमतले कांग्रेस र लोसपा नेपालसंग गरेको सहमति कार्यान्वयन नगर्दा मुख्यमन्त्री सिंह नेतृत्वको सरकार ढल्ने चर्चा समेत चल्न थालेको छ।

हुन त कांग्रेसले सुरुदेखि नै मधेश प्रदेश सरकारको नेतृत्व आफूहरुले पाउनुपर्ने दाबी गर्दै आएका छन्।






# राजमार्गमा खाल्डैखाल्डा, यात्रा जोखिमपूर्ण



पोखरा । निरन्तर वर्षाले पर्यटकीय राजधानी पोखरा जोड्ने मुख्य राजमार्गको यात्रा जोखिमपूर्ण बनेको छ । ठाउँपिच्छे खाल्डाखुल्डी र हिलाम्मे सडकका कारण यात्रु र सवारीचालकले सास्ती खेप्नुपरिरहेको छ ।

स्तरोन्नतिको चरणमा रहेका पोखरा-मुग्लिन र हरिचोक-याम्दी सडक समयमै नबन्दा वर्षात्मा हिलो र हिउँदमा धुलो छिचोल्दै यात्रा गर्नुपर्ने बाध्यता छ । पृथ्वी राजमार्गअन्तर्गत पोखरा महानगरपालिका-२९ भण्डारढिक, तालचोक, विजयपुर हुँदै मुख्य सहरी क्षेत्र प्रवेश गर्ने सडकको अवस्था नाजुक छ । वर्षात्का बेला चलिरहेको निर्माण कार्यले सडक अस्तव्यस्त देखिन्छ । सवारीसाधन पार्किङ गर्न उस्तै समस्या छ ।

अमरसिंहचोक, बुद्धचोकलगायत क्षेत्रमा वर्षात्को भलले सडक क्षत्विक्षत् बनाएको छ । पानी जमेका खाल्डाखुल्डीले सवारीसाधन चलाउन कठिनाइ भएको छ ।

सडक स्तरीय नहुँदा पैदलयात्रीलाई झन समस्या भएको छ । सामान्य मर्मत गर्नसमेत कसैको ध्यान पुगेको देखिन्न । सडककै कारण सवारीसाधन जाममा पर्ने गरेको चालक बताउँछन् । सडक निर्माणमा जति ढिलासुस्ती भयो उति समस्या लम्बिँदै जाने उनीहरुको भनाइ छ ।

मनसुन सक्रिय भएपछि पोखरा-मुग्लिन सडकमा यात्रा गर्न थप कष्टकर बनेको छ । दुई वर्षअघि सुरु भएको उक्त सडक विस्तार तथा स्तरोन्नति कार्य सुस्त गतिमा भइरहेको छ । आयोजना कार्यालयले सडक निर्माण पूरा हुन अझै दुई वर्ष लाग्ने जनाएको छ ।

पोखरा-बागलुङ राजमार्गअन्तर्गत दुई हजार दुई सय मिटरको हरिचोक-याम्दी सडक दुई वर्ष बित्दासमेत स्तरोन्नति हुनसकेको छैन । पोखरालाई मध्यपहाडी लोकमार्ग हुँदै पश्चिम नेपालसँग जोड्ने उक्त सडकको काम निर्माण कम्पनीको ढिलासुस्तीले समयमै हुन नसकेको हो । पोखरा महानगरपालिका-१ का वडाध्यक्ष सहारा प्रधानले सडक निर्माण समयमै सक्न पटक-पटक दबाब दिँदा पनि सुनुवाइ हुन नसकेको बताउनुभयो ।

उक्त राजमार्ग भएर यात्रा गर्ने यात्रु मात्र नभएर स्थानीयवासी पनि धूलो र हिलोले हैरान छन् । वर्षात्मा ग्राभेल हालेर खाल्डाखुल्डी पुर्ने र पानी तर्काउनेसम्मको काम पनि नभएकामा आयोजना कार्यालय र निर्माण कम्पनीप्रति स्थानीवासी रुष्ट छन् ।

सोही सडकका कारण पोखरासम्मको यात्रा झञ्झटिलो र लामो बनेको यात्रुको गुनासो छ । पोखराको जिरो किलोमिटरदेखि हरिचोक र याम्दीदेखि फेदीसम्मको सडक दुई वर्षअघि नै कालोपत्र गरिएको थियो ।

बीचको झण्डै दुई हजार दुई सय मिटर सडक विस्तार र कालोपत्र गर्न बाँकी रहेको पर्वतस्थित लोकमार्ग आयोजना कार्यालयले जनाएको छ । केही ठाउँमा नाला निर्माण र पर्खाल चिन्ने काम भए पनि सडकको भौतिक प्रगति न्यून छ । आयोजना कार्यालयले कामलाई गति दिन निर्माण व्यवसायीलाई पटक-पटक ताकेका गर्दै आएको छ ।

> आयोजनाका प्रतिनिधि, स्थानीय जनप्रतिनिधिलगायत सरोकारवाला पक्षबीचको बैठकमा सडक निर्माण सक्ने प्रतिबद्धता जनाइए पनि कामले गति लिन नसकेको वडाध्यक्ष प्रधानले बताउनुभयो ।

आयोजनाका प्रतिनिधि, स्थानीय जनप्रतिनिधिलगायत सरोकारवाला पक्षबीचको बैठकमा सडक निर्माण छिट्टै सक्ने प्रतिबद्धता जनाइए पनि कामले गति लिन नसकेको वडाध्यक्ष प्रधानले बताउनुभयो । गत वर्ष साउनमा काठमाडौंको 'मोतीदान कन्स्ट्रक्सन सेवा प्रालि'ले निर्माणको जिम्मा पाएको थियो । २५ मिटर चौडा चार लेनको उक्त सडक दुई वर्षभित्र सक्नुपर्ने सम्झौता छ । पश्चिमतर्फ पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ, रुकुम पूर्वलगायतका जिल्लाबाट लोकमार्ग हुँदै दैनिक सयौँ गाडी पोखरा आउजाउ गर्छन् । विसं २०७९ चैतदेखि निर्माण थालिएको पोखरा महानगरपालिका-२७ तालचोकदेखि ३१ बेगनास जोड्ने चार लेन सडक जीर्ण छ । यसै वर्ष निर्माण सम्पन्न गर्ने लक्ष्य लिए पनि निर्माण कम्पनीको ढिलासुस्तीले उक्त सडक आयोजनाले गति लिन सकेको छैन । पोखरा महानगरपालिकाको सडक शाखाका इञ्जिनीयर नवीन गौतमले केही समयअघि कामै रोकेको ठेकेदार कम्पनीले पुनः अहिले जनशक्ति र उपकरण थपेर काम अघि बढाएको जानकारी दिनुभयो ।

सो सडक समयमा नबन्दा पोखरादेखि लमजुङ हुँदै मनाङसम्म जाने यात्रुलाई सास्ती भएको छ । बेगनासदेखि कास्कीको रुपमा गाउँपालिकासम्मको सडक पनि जीर्ण छ । तालचोक-बेगनाश विश्व बैंकको सहुलियत ऋण सहयोगमा ३.२८ किमिको उक्त सडकलाई चार लेनमा स्तरोन्नति गर्न 'स्वच्छन्द-सपना-वर्ल्डवाइड जेभी'ले निर्माणको जिम्मा पाएको थियो । ठेक्का सम्झौता भएको एक वर्षपछि बल्ल सडक निर्माणको काम सुरु भएको थियो । फुट ट्र्याक, साइकल लेन र पार्किङसहितको नमुना सडक बन्ने उहाँको भनाइ छ ।

सडक छेउछाउमा बगैँचा, सडकबत्तीलगायत आकर्षक पूर्वाधार बनाउने योजना छ । सडकमा तीनवटा पुल पनि बनाइने छन् ।

अहिले सडक विस्तार, कल्भर्ट, नाला र पर्खाल निर्माणको काम भइरहेको इन्जिनीयर गौतमले बताउनुभयो । महानगरको गौरवको आयोजनाका रुपमा तालचोक-बेगनास सडक स्तरोन्नति कार्यलाई अगाडि बढाइएको हो ।रासस

# घरभित्र पसेको बाढीमा डुबेर शिशुको मृत्यु, युवक बेपत्ता



महेन्द्रनगर । कञ्चनपुरमा घरभित्र बाढी पस्दा डुबेर शिशुको मृत्यु भएको छ । कृष्णपुर नगरपालिका-१ पहरियामा आइतबार घरभित्र पसेको बाढीमा डुबेर सात महिनाका सोनु धानुकको मृत्यु भएको हो ।

राति सुतिरहेका बेला शिशु ओछ्यानबाट भुइँमा खस्दा पानीमा डुबेर शिशुको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक चक्रराज जोशीले जानकारी दिनुभयो । यसैगरी बेल्डाँडी गाउँपालिका-३ वैवाहका २३ वर्षीय डम्बर चौधरी चौधर नदीको बाढीमा बगेर बेपत्ता भएका छन् । प्रहरी र स्थानीयको सहयोगमा अहिले उनको खोजी भइरहेको छ ।

**एक हजार सात सय घर डुबान**

दुई दिनदेखिको वर्षाका कारण कञ्चनपुरमा हालसम्म एक हजार सात सय ५० घर डुबानमा परेका छन् । आइतबार रातिदेखि भीमदत्त, वेदकोट, दोधारा चाँदनी र पुर्नवास नगरपालिका तथा बेल्डाँडी गाउँपालिकाका सयौँ घर डुबानमा परेका छन् ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाले आइतबार राति बाढीमा फसेका ३९ जनाको उद्धार गरेको प्रहरी उपरीक्षक जोशीले जानकारी दिनुभयो । जिल्लाभर डुबानमा परेकाको उद्धारका लागि ठाउँ ठाउँमा सुरक्षाकर्मी परिचालन गरिएको छ । "हालसम्म एक हजार सात सय ३८ जनालाई सुरक्षित स्थानमा लगिएको छ", उहाँले भन्नुभयो । कञ्चनपुरका नौवटै स्थानीय तह बाढी र डुबानबाट प्रभावित छन् । भीमदत्त नगरपालिका, दोधारा चाँदनी, वेदकोट र पुर्नबास नगरपालिका तथा बेल्डाँडी गाउँपालिका बाढीबाट बढी प्रभावित छन् ।

त्यसैगरी आइतबार मध्यरातमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत भाँसी-दैजी खण्डको सुडा चोकमा बाढीले कल्भर्ट भत्काउँदा यातायात सेवा प्रभावित भएको छ । यहाँ अहिले वैकल्पिक सडक प्रयोग गरेर सवारीसाधन सञ्चालन भइरहेका छन् ।दोधारा-चाँदनीनगरपालिका-१० कुतियाकवरलगायत क्षेत्रमा महाकाली र जोडबुढा नदीको बाढी बस्तीमा पसेको छ । बाढी पीडित वडा कार्यालय, विद्यालय र आफन्तकहाँ आश्रय लिइरहेको प्रहरीले जनाएको छ ।

**महाकालीको सतह बढेपछि शारदा ब्यारेजका सबै ढोका खोलिए**

आइतबार राति महाकालीमा पानीको सतह चार लाख क्युसेक नाघेको थियो । पानीको सतह अहिले घटेर दुई लाख ८८ हजार क्युसेक पुगेको छ । महाकालीमा पानीको सतह बढेपछि तीन दिनदेखि बनबासास्थित शारदा ब्यारेजका नेपालतर्फका २४ वटै ढोका खोलिएका छन् । महाकालीमा २०७८ कात्तिकमा सबैभन्दा बढी पाँच लाख ४७ हजार क्युसेक पानी मापन गरिएको थियो । यहाँ तीन दिनदेखि पुलमा सवारीसाधन चलाउन रोक लगाइएको प्रहरी उपरीक्षक जोशीले जानकारी दिनुभयो ।रासस

# बाढीले कैलालीको जनजीवन प्रभावित



टीकापुर । लगातार वर्षापछि आएको बाढीका कारण कैलालीको जनजीवन प्रभावित बन्न पुगेको छ । कैलालीको भजनीमा आइतबार राति बाढी बस्तीमा पसेपछि केही परिवार विस्थापित भएका छन् । पालिका र स्थानीय मिलेर जोखिम क्षेत्रका नागरिकलाई रातभरि हुलाकी सडक र उच्च भवनमा सारिएको छ ।

स्थानीय कृष्ण धमालाका अनुसार भजनीमा केही परिवार रातभरि बस्ती छोडेर सडकमा सरेका छन् । नदी तथा खोलामा पानी बढेपछि राति बस्तीमा रहेका मानिसहरु बालबच्चा र बस्तुभाउसहित हुलाकी सडकमा बसेका हुन् । बाढीले भजनीका सबैजसो वडामा डुबान भएको छ । वडा नं ८ का सबै घर डुबानमा परेका छन् ।

"निरन्तरको वर्षाले बस्ती डुबानमा परेपछि सयौँ परिवार सरसामानसहित सडक तथा उच्च घरमा सरेका हुन्", उहाँले भन्नुभयो, "कतिपय आफन्तकोमा बसिरहेका छन् ।" बाढीका कारण विशेष गरी कैलालीको दक्षिण तथा पूर्वी क्षेत्र जलमग्न भएको छ । चुरेबाट बग्ने खोला र कर्णाली नदीमा पानीको सहत बढेपछि कैलालीको टीकापुर, भजनी, जानकी र जोशीपुरका तटीय क्षेत्रका बस्ती डुबानमा परेका हुन् ।

टीकापुर नगरपालिकामा केही परिवार विस्थापित भएका छन् । विपद् व्यवस्थापन शाखाका प्रमुख निर्मला चौधरीले पथरैया नदीमा आएको बाढीले वडा नम्बर ६ का पर्सेनी, भर्तापुर, भगवानपुरका ६५ घर डुबानमा परेकाले ती घरका मानिसलाई उद्धार गरी उच्च घरमा सारिएको जानकारी दिनुभयो । "बाढी पसेपछि टीकापुरका जोखिममा रहेका केही परिवारलाई जेसिज हल र केहीलाई उच्च घरमा राखिएको छ", उहाँले भन्नुभयो, "वडा वडामा रहेका विपद् व्यवस्थापन समिति र पालिकाले तालिम दिएका स्वयंसेवक खोज तथा उद्धारका लागि समुदायमा परिचालन गरेका छौं ।" कर्णाली नदीमा पानीको सहत बढेमा टीकापुरका वडा नं २, ५, ७ र ८ डुबानको जोखिममा पर्दछन् ।

त्यस्तै जोशीपुर गाउँपालिकामा पनि लगातारको वर्षापछि जलमग्न भएको छ । भित्तरीयामा काडा नदीको पानी पसेर डुबान भएको जोशीपुर गाउँपालिका विपद् व्यवस्थापन शाखा प्रमुख सीता सिंहले बताउनुभयो ।

जानकीका अधिकांश वडा जलमग्न भएका छन् भने केही घरपरिवा विस्थापित भएका छन् । विपद् व्यवस्थापन शाखा प्रमुख नेत्रप्रसाद जैसीले वडा नं ४ र ७ का धेरै बस्ती डुबानमा परेका बताउनुभयो । "वडा नं ४ को गिरधरपुरमा ११ परिवार बसेका छन् । वडा नं ७ को फरेलामा १५ परिवार बसेका छन्", जैसीले भन्नुभयो, "जवलपुरमा पनि दुई घर उच्च घरमा सारेका छौं । जानकीका दर्जनौं बस्ती जलमग्न छन् ।"

बस्तीमा बाढी पस्न थालेपछि यस क्षेत्रका पालिकाहरुले नाला सरसफाइजस्ता कार्यमा तीव्रता दिएका छन् । जमेका ढल खोल्ने, डुबान क्षेत्रमा पानीको निकास गर्नेलगायतका कार्यमा खटेका छन् । जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी शिवराज जोशी वर्षाका कारण जिल्लाका विभिन्न स्थान जलमग्न भएका र क्षति न्यूनीकरण गर्ने गरी टिम परिचालन गर्न निर्देशन दिएका बताउनुभयो ।

"सङ्कटासन्न क्षेत्र पहिचान गरेर ती ठाउँमा सुरक्षाकर्मी र उद्धार टोली तयारी अवस्थामा खटाएका छौँ", उहाँले भन्नुभयो, "विपद्मा एक अर्कामा सहकार्य गर्न सघाउन पालिकालाई पनि निर्देशन दिएका छौँ । विषयगत शाखालाई तयारीमा राखेका छौँ । सबैसँग समन्वय भइरहेको छ ।"आइतबार राति १२ बजे कर्णाली नदीमा बाढीको तह १० दशमलव ५ पुगेको थियो । अहिले बिहान ६ बजेको मापनअनुसार कर्णालीमा जलसतह तह घट्दै गएको छ । कर्णाली नदीमा अहिले पानीको सतह ९ दशमलव ५७ मा झरेको छ । कर्णालीमा बाढीको तह १० मिटर पुग्नुलाई चेतावनी, १० दशमलव ८ पुग्नुलाई खतराको तह पार गरेको मानिन्छ । रासस

# ई-स्पोर्टस पदक विजेता पुरस्कृत

काठमाण्डु । ई-स्पोर्टस सङ्घ नेपालको आयोजनामा सम्पन्न प्रथम राष्ट्रिय ई-स्पोर्ट्स च्याम्पियनसिपका पदक विजेतालाई सोमबार पुरस्कृत गरिएको छ ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टङ्कलाल घिसिङले आज यहाँ आयोजित एक कार्यक्रममा मोबाइल लिजेन्ड र ई-फुटबलका पदक विजेता खेलाडीलाई नगदसहित पुरस्कार प्रदान गर्नुभयो । उक्त प्रतियोगिता सुर्खेतमा यही असार १४ र १५ गते भएको थियो ।

प्रतियोगितामा मोबाइल लिजेन्डमा शीर्ष आठ स्थान हासिल गर्ने क्रमशः हाई भोल्टेजले रु ६० हजार, कोड रेडले रु ४० हजार, सिक्सटी नाइन गेमिङले रु ३० हजार, वीरे नुनले रु २० हजार, मिडनाइट ह्याभक र हेल्लो किटिसले समान रु १५/१५ हजार प्राप्त गरे । त्यस्तै, मिडनाइट ह्याभक रु २० हजार र गुड नाइटले समान रु १०-१० हजार नगद पुरस्कार पाए ।

यसैगरी, ई फुटबलमा पहिलो भएका गौरव पुडासैनीले रु ४० हजार, दोस्रो भएका सन्देश ओझाले रु ३० हजार, तेस्रो भएका रोशन शर्माले रु २० हजार तथा चौथो भएका निखिल हमालले रु १० हजार नगद पुरस्कार प्राप्त गरे ।रासस

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा ज.उ.म.न.पा. वडा नं. ०७, (बल्वा टोल , पुलीस चौकीबाट २०० मिटर दक्षिण तर्फ मिति २०८१/०३/२३ गते बेलुका ०७:०० - ०८:०० बजे प्र २-०२-००४ प २२३८ नम्बरको Blue रंगको ईन्जिन नं. CE7AM27R3286 चेसिस नम्बर MD637AE72M2AA4735 को बजाज कम्पनीको अपाची 160cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः नागेन्द्र राय**
**ठेगानाः भ्रमरपुरा- २ ( महोत्तरी )**

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति । |
| बृष | : पारिवाहिक सुख । |
| मिथून | : धन वृद्धि सञ्चय । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : अवसर प्राप्त । |
| वृश्चिक | : वाद विवादबाट बच्नु । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : नयाँ कार्य हुने । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वीरगंजमा एतिहासीक रथ यात्रापछि गहवामाई मन्दिरमा महा प्रसाद वितरण ।

तस्विर : टुडे

# मनसुन क्रमशः निष्क्रिय हुँदै



काठमाण्डु । जल तथा मौसम विज्ञान विभागले सोमबारदेखि केही दिन मनसुन क्रमशः निष्क्रिय हुँदै जानुका साथै मुलुकको अधिकांश भू-भागमा वर्षा कम हुने पूर्वानुमान गरेको छ । विभागका अनुसार न्यूनचापीय रेखा क्रमिक रुपमा दक्षिणतर्फ सर्दै जाने भएकाले मुलुकमा मनसुनको सक्रियतामा कमी आई सोमबारदेखि वर्षा कम हुनेछ ।

मौसम पूर्वानुमान माहाशाखाका मौसमविद् सरोज पुडासैनीले सोमबारदेखि केही दिनसम्म अधिकांश स्थानमा वर्षा कम हुने जानकारी दिनुभयो । "आइतबारसम्म न्यूनचापीय रेखा उत्तरतर्फ भएकाले भारी वर्षा भएको थियो, सोमबारदेखि उक्त रेखा दक्षिणतर्फ सर्दै जाने भएकाले मनसुन कम सक्रिय हुनेछ", उहाँले भन्नुभयो । सोमबारदेखि केही दिन कोशीरगण्डकीप्रदेशकाअधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षा र थोरै स्थानमा भारी वर्षाको सम्भावना भने रहेको मौसमविद् पुडासैनीले बताउनुभयो ।रासस

# बाढीपहिराले हालसम्म ७० को मृत्यु, पाँच बेपत्ता



काठमाण्डु । अविरल वर्षाका कारण आएको बाढीपहिरालगायत विपदमापरी हालसम्म ७० जनाले ज्यान गुमाएका छन् ।

केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जेठ २८ देखि सोमबार बिहानसम्म बाढीपहिरामा परेर ७० जनाको मृत्यु, ८६ जना घाइते र पाँच जना बेपत्ता भएको राससलाई जानकारी दिनुभयो । घाइतेको स्थानीय अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

उक्त अवधिमा बाढीपहिराका नौ सय ६६ घटना घटेका छन् । त्यसमा ८६ घरमा क्षति पुगेको र तीन सय ३५ पशु चौपायको मृत्यु भएको छ । भारी वर्षाका कारण सोमबार पनि देशभरकै जनजीवन प्रभावित भएको छ ।

उक्त अवधिमा चार हजार सात सय ९० प्रहरी बाढीपहिरामा परिचालन गरिएको र रु नौ करोड ५६ लाख ७४ हजार दुई सय ५० मूल्य बराबरको क्षति पुगेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।रासस

# स्वास्थ्य संस्थामा मृत्युदर न्यून गर्न स्वास्थ्यकर्मीलाई तालिम

खजुरा । स्वास्थ्य सस्थामा मृत्युदर न्यून गर्न चिकित्सक तथा स्वास्थ्यकर्मीलाई 'आकस्मिक आधारभूत स्वास्थ्य सेवा' सम्बन्धी तालिम प्रदान गरिएको छ । प्रभावकारी स्वास्थ्य सेवा व्यवस्थापन गरी स्वास्थ्य सस्थामा मृत्युदर घटाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशअन्तर्गत १२ जिल्लाका २४ जना अस्पतालका चिकित्सक, नर्स, स्वास्थ्यकर्मीलाई पाँचदिने तालिम प्रदान गरेको हो ।

नेपालगञ्जमा हालै आयोजित आयोजित तालिममा अस्पतालमा आकस्मिक सेवा कसरी व्यवस्थापन गर्ने, बिरामी आउनेबित्तिकै रोग तथा





समस्याको पहिचान तथा निदान कसरी गर्ने, तत्कालको उपचार कसरी गर्ने, महामारी तथा विपद्को समयमा जटिल किसिमका आउने बिरामीको पहिलो उपचार कसरी गर्ने र आकस्मिक एकाइको व्यवस्थापनलगायतका बारेमा क्षमता अभिवृद्धि गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले बताउनुभयो ।

उहाँका अनुसार यस क्षेत्रमा रहेका अस्पतालमा सबभन्दा पहिले आकस्मिक सेवामा आउने बिरामीको निदान तथा उपचार विधि र हेरचाह गर्नेबारेमा त्यहाँ रहेका चिकित्सक र स्वास्थ्यकर्मीको भूमिकालाई प्रभावकारी बनाउन तालिम दिइएको हो । अस्पताल तथा स्वास्थ्य सस्थाका आकस्मिक कक्षमा आउने जटिल समस्याका बिरामीको मृत्युदर उच्च रहेको बताइएको छ ।

"बिरामीको रोगको निदान तथा समयमा उपचार नपाएर मृत्यु हुने समस्यालाई अन्त्य गर्न जनशक्तिलाई दक्ष बनाइएको छ", उहाँले भन्नुभयो, "यो तालिमपश्चात् जनशक्तिले अस्पतालमा गएर आफ्नो व्यवहारमा परिवर्तन ल्याउने छन् भने अन्य स्वास्थ्यकर्मीलाई पनि सिकाइ हुनेछ ।"

मन्त्रालयले विगत तीन वर्षदेखि यो तालिम प्रदान गर्दै आएको छ । अहिलेसम्म आठ सय ११ जनालाई तालिम प्रदान गरिसकिएको मन्त्रालयले जनाएको छ । तालिमपश्चात् आफ्नो अनुभव सुनाउँदै डोल्पा अस्पतालका डा आकर्षण तिमिल्सिनाले आकस्मिक आधारभूत स्वास्थ्य सेवा व्यवस्थापनमा ज्ञानको दायरा बढाएको जानकारी दिनुभयो ।रासस

# "आत्मविश्वास र आशा जगाउनेगरी मौद्रिक नीतिको तयारी"

काठमाण्डु । मुलुकको अर्थतन्त्रका देखिएको शिथिलता अन्त्य गर्न वित्त नीति अनुकूल हुने, बजार चलायमान बनाउने र निजी क्षेत्रको आत्मविश्वास जगाउनेगरी आगामी आर्थिक वर्षको मौद्रिक नीति ल्याउने तयारी भइरहेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

आगामी आवको मौद्रिक नीतिका सम्बन्धमा प्रतिनिधिसभाअन्तर्गतको अर्थसमितिमा सोमबार भएको छलफलका क्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले सरकारले अवलम्बन गरेको वित्त नीतिलाई सहयोग पुग्ने र बजारको मनोबल बढाउनेगरी मौद्रिक नीति आउने बताउनुभयो ।"सरकारले आगामी आर्थिक वर्षको बजेटमा राखेको छ प्रतिशतको आर्थिक वृद्धिदर र पाँच दशमलव पाँच प्रतशितको वाञ्छित सीमाभित्रको मौद्रिक नीतिको लक्ष्यलाई सहयोग पुऱ्याउनेगरी मौद्रिक नीति ल्याउने तयारीमा जुटेका छौँ", गभर्नर अधिकारीले भन्नुभयो, "अहिले व्यावसायिक मनोबल घटेको छ । यसलाई उकास्न र सकारात्मक नतिजाका लागि केही सुधारात्मक काम गर्नुपर्नेछ ।"

मुलुकको समग्र वित्तीय अवस्थाबारे समितिलाई जानकारी दिँदै गभर्नर अधिकारीले पछिल्लो समय निर्माण क्षेत्र र औद्योगिक क्षेत्रको वृद्धिदरमा सङ्कुचन देखिएको बताउनुभयो । "निर्माण र औद्योगिक क्षेत्रको वृद्धिदर नकारात्मक छ । निर्माण क्षेत्रबाट परेको बहुआयामिक असर व्यवस्थापन गर्नु चुनौती औद्योगिक र मौद्रिक नीतिका आफ्नै सीमा छन्", उहाँले भन्नुभयो, "निर्माण व्यवसायीले सरकारबाट भुक्तानी नपाएको भनिरहेका छन् । यो नीतिले हेर्नसक्ने विषय होइन । कालोसूचीमा पर्ने विषय पनि सँगसँगै आइरहेकाले यस समस्या समाधानका लागि गृहकार्य गरिरहेका छौँ ।"

कोभिड-१९ महामारीका कारण शिथिल भएको अर्थतन्त्रलाई चलायन बनाउन नसकिएको, ब्याजदर घटिरहेको अवस्थामा कर्जाको माग बढ्न नसकेको, कर्जा विस्तार भएको रकम पनि उत्पादनशील क्षेत्रमा जान नसकेकोलगायत समस्या अहिले आर्थिक र वित्तीय क्षेत्रमा रहेको गभर्नर अधिकारीले उल्लेख गर्नुभयो । आगामी आर्थिक वर्षको मौद्रिक नीतिका लागि सरोकार भएकासँग छलफल गरिरहेको उहाँले जानकारी दिनुभयो ।

समितिमा अर्थसचिव मधुकुमार मरासिनीले आगामी आवका लागि सरकारले तय गरेको नीति तथा कार्यक्रम र बजेटका योजना कार्यान्वयनमा सहयोग पुग्नेगरी मौद्रिक नीति आउने विश्वास व्यक्त गर्नुभयो । "बजेटमा भनेजस्तै छ प्रतिशतको आर्थिक वृद्धि र साढे पाँच प्रतिशतको वाञ्छित सीमाभित्रको मुद्रास्फीतिलाई हेरेर आउनेछ भन्ने अपेक्षा छ", उहाँले भन्नुभयो, "हामीसँग भएको पुँजी परिचालनबाट लक्षित आर्थिक वृद्धिदर हासिल गर्नका लागि मौद्रिक नीतिले सहज वातावरण बनाउनुपर्छ ।"पछिल्लो समय बैंकिङ क्षेत्रमा निष्क्रिय कर्जा बढेर तीन दशमलव ९७ प्रतिशत पुगेको जनाउँदै मरासिनीले यसले केही समस्या सिर्जना गरेको भए पनि पाँच प्रतिशतसम्मको निश्क्रिय कर्जालाई व्यवस्थापन गर्न सकिने बताउनुभयो ।

सरकारले आगामी आर्थिक वर्षलाई आर्थिक सुधारको वर्ष भनेको र नयाँ चरणको आर्थिक सुधारलाई सघाउ पुऱ्याउने गरी मौद्रिक नीति आउनुपर्नेमा उहाँले जोड दिनुभयो ।सूचना प्रविधि र कृषि क्षेत्रमा लगानी दशक घोषणा भएकाले ती क्षेत्रमा कर्जा विस्तार गर्न सहज हुनेगरी मौद्रिक नीति आउनुपर्ने सुझाव पनि अर्थसचिव मरासिनीले दिनुभयो । अहिलेको समसामयिक आर्थिक विषयलाई सम्बोधन गर्नेगरी र निजी क्षेत्रको मनोबल उकास्नेगरी मौद्रिक नीतिको तयारी गरिनुपर्ने उहाँको भनाइ छ ।

"निजी क्षेत्रको मनोबल कमजोर भएको छ । बैंकमा प्रशस्तमात्रामा तरलता उपलब्ध हुँदाहुँदै र न्युन ब्याजदरका बाबजुद पनि कर्जा विस्तार हुने सकेको छैन । निजी क्षेत्रको आत्मविश्वास र आशा जगाउनेगरी मौद्रिक नीति ल्याउनु अहिलेको आवश्यकता हो", अर्थसचिव मरासिनीले भन्नुभयो । आगामी आर्थिक वर्ष सोह्रौँ आवधिक योजनाको आधार वर्ष भएकाले उक्त आवधिक योजनाले पहिचानगरी मौद्रिक नीति तय गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । सार्वजनिक खर्च परिचालनमा समस्या देखिएको र यसले अर्थतन्त्रमा बहुआयामिक असर पारेको अर्थसचिव मरासिनीले बताउनुभयो ।

समितिको सोमबारको बैठकमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक प्रकाशकुमार श्रेष्ठले मुलुकको बर्तमान आर्थिक तथा वित्तीय अवस्थाबारे जानकारी दिनुभएको थियो । "मुद्रास्फीति धेरै हदसम्म वाञ्छित सीमाभित्र छ । साढे छ प्रतिशत औसत रहेकामा यस वर्षको औसत साढे पाँच प्रतिशत छ, यसले हामी सहज अवस्थामा छौँ भनेर देखाउँछ । बाह्य क्षेत्र अवस्थामा सहज छ । साढे १२ महिनाको वस्तु तथा सेवा आयात गर्न पुग्ने विदेशी मुद्रासञ्चिती रहेको छ । चालुखाता र शोधनान्तर स्थिति बचतमा छ", उहाँले भन्नुभयो, "बैंकिङ प्रणालीमा तरलताको अवस्था सन्तोषजनक छ । बैंकमा ब्याजदर घट्दै गएका छन् । नीतिगत दर घटेकाले कर्जा सरल र सस्तो छ ।"

विश्व आर्थिक वृद्धिदर अझै शिथिल रहेको, विकसित मुलुकको मुद्रास्फीतिदर लक्ष्यको नजिक भए पनि उदीयमान र विकासोन्मुख मुलुकको मुद्रास्फीतिदर वाञ्छित सीमाभन्दा माथि रहेको, अधिकांश केन्द्रीय बैंकले ब्याजदर अझै माथिल्लोस्तरमा



राखेको, चालु आर्थिक वर्ष आर्थिक वृद्धिदरमा केही सुधार हुने सङ्केत देखिएकोलगायत विवरण श्रेष्ठले प्रस्तुत गर्नुभएको थियो ।

उत्पादन र निर्माण क्षेत्रका वृद्धिदर पछिल्लो दुई वर्षको वृद्धिदर ऋणात्मक रहेको, काठजन्य, लत्ताकपडा, औषधिजन्य, धातुजन्य वस्तुको आन्तरिक उत्पादन घटेको, पर्यटन आगमन कोभिडपूर्व भन्दा बढेको, वैदेशिक रोजगारीमा जानेको सङ्ख्या बढिरहेकोलगायत समस्या रहेको उहाँले जानकारी दिनुभयो ।

"मुद्रास्फीतिदर बढ्दो क्रममा छ । दश महिनाको औसत मुद्रास्फीति पाँच दशमलव ७६ प्रतिशत छ । आन्तरिक बजार हेर्दा मुद्रास्फीतिको चाप न्यून रहेको छ । मुद्रास्फीतिलाई वाञ्छित सीमाभित्र राख्न अझै चुनौतीपूर्ण रहेको छ", श्रेष्ठले भन्नुभयो, "गत वैशाखदेखि मौद्रिक नीतिलाई सजगतापूर्वक लचिलो बनाउँदै लगिएको छ । नीयामकीय नीतिहरु पनि खुकुलो बनाउँदै लगिएका छन् ।" विसं २०७५ असारसम्ममा करिब रु २४ खर्बको हाराहारीमा रहेको कर्जा पछिल्लो छ वर्षमा दोब्बरले विस्तार भएको बताउँदै पछिल्लो छ वर्षमा बढेको कर्जाको आधा ऋण २०७८ र २०७९ मा विस्तार भएको श्रेष्ठले जानकारी दिनुभयो ।

समस्याग्रस्त सहकारीका समस्या समाधान गर्न राष्ट्र बैंकको पाँचबुँदे सुझाव

नेपाल राष्ट्र बैंकले समस्याग्रस्त सहकारीका समस्या समाधान गर्न पाँचबुँदे सुझाव प्रस्तुत गरेको छ । सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिको सोमबारको बैठकमा गभर्नर महाप्रसाद अधिकारीले पाँच बुँदाका आधारमा अघि बढे सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्न सकिने बताउनुभएको बैठकपछि समितिका सभापति सूर्यबहादुर थापाले सञ्चारकर्मीलाई जानकारी दिनुभयो ।

गभर्नर अधिकारीले तीन चरणमा बचत फिर्ता गर्न सकिने योजना प्रस्तुत गर्नुभएको थियो । उहाँले पहिलो चरणमा रु एक लाखसम्म, दोस्रो चरणमा रु पाँच लाखसम्म र तेस्रो चरणमा रु पाँच लाखभन्दा बढी बचत हुने बचतकर्ताका रकम फिर्ता गर्न सकिने सुझाव दिनुभयो ।समस्या समाधान गर्न 'डेडिकेटेड' समूह बनाउने, समस्याग्रस्त बैंकका समस्या समाधान गर्दा अपनाइएका तरिकाका आधारमा अघि बढ्न सकिने प्रस्ताव पनि राष्ट्र बैंकले अघि सारेको छ । भूगोलको सीमा नराखी कारोबार गरेका सहकारीका विषयमा आवश्यक व्यवस्था गर्नुपर्ने गभर्नर अधिकारीको सुझाव थियो ।

सहकारीलाई नियमन गर्ने निकायको स्थापना गरिनुपर्ने, सहकारी स्वनियममा चल्छन् भनी छोड्न नहुने, ऋणीका बारेमा सहकारीलाई कुनै जानकारी नहुने गरेकाले त्यो समस्या समाधानको उपया विषय निश्चित गर्न पनि विज्ञले सुझाएका छन् । बैठकमा कर्जा सूचना केन्द्रका प्रमुख कार्यकारी अधिकृत अनिलचन्द्र अधिकारीले विद्यमान स्थितिमा एउटै केन्द्रले काम गर्न सकिने उल्लेख गर्दै यसका लागि आवश्यक कानुनी व्यवस्था मिलाउनुपर्नेमा जोड दिनुभयो । कर्जा सूचना केन्द्रमा एकीकृत सूचना प्रणालीको व्यवस्था गरिनुपर्ने पनि उहाँको सुझाव थियो ।

बीमा र सहकारीका विषयमा छुट्टै सूचना केन्द्र स्थापना गरिनुपर्ने सुझावसमेत बैठकमा प्रस्तुत गरिएको थियो । नेपाल बैंकर्स एशोसियसनका अध्यक्ष सुनील केसीले सहकारीको जस्तो समस्या अरु वित्तीय संस्थामा पनि आउनसक्ने तर्फ सचेत गराउँदै त्यसअघि नै छिटो समस्या समाधान गरिनुपर्ने बताउनुभयो ।

> सहकारी सुझाव कार्यदलका संयोजक डा जयकान्त राउतले सुझाव कार्यान्वयन नभएकैले सहकारी क्षेत्रमा समस्या बढ्दै गएको बताउनुभयो । सहकारीको मूल्यमान्यता र सिद्धान्तका आधारमा चलेका सहकारीमा समस्या नरहेको र सिद्धान्तविपरीत चलेका सबैजसो सहकारी समस्यामा रहेको उहाँले सुनाउनुभयो ।

अघिल्लो सहकारी सुझाव कार्यदलका संयोजक डा जयकान्त राउतले सुझाव कार्यान्वयन नभएकैले सहकारी क्षेत्रमा समस्या बढ्दै गएको बताउनुभयो।सहकारीकोमूल्यमान्यता र सिद्धान्तका आधारमा चलेका सहकारीमा समस्या नरहेको र सिद्धान्तविपरीत चलेका सबैजसो सहकारी समस्यामा रहेको उहाँले सुनाउनुभयो ।

सहकारी क्षेत्रमा पनि ऋण असुली न्यायाधीकरणको स्थापना गरिनुपर्ने पनि विज्ञहरूको रायस थियो । बैठकमा सभापति थापपाले सरकारले पीडित बचतकर्तालाई पैसा दिन सक्छ वा सक्दैन भन्ने विषयमा छलफल भई नसकेको बताउनुभयो । बचत फिर्ता गर्नु सम्बन्धित सहकारीको मुख्य काम भनी अहिले छलफल भइरहेको उहाँको भनाइ छ ।

आगामी आर्थिक वर्षको बजेटमा रु पाँच लाखसम्म बचत हुनेलाई फिर्ता गर्ने विषय उल्लेख भई आएपछि केही सहकारीले बचत टुक्रा बनाएर रु पाँच लाखभन्दा कम बनाउने बदमासी गर्न थालेको सूचना पनि समितिले पाएको त्यसअवसरमा जानकारी गराइएको थियो । समितिको भोलिको बैठकमा सहकारी विभागको रजिष्ट्रार भई २०४८ पछि काम गरेका अधिकारीहरुलाई बोलाइएको छ ।रासस

आयो करे यात्रा मंगलमय चारो धाम की

यहि मिति २०८१/४/१६ गते बुधवार ३१ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं ।

विशेष यात्रा सेवा । शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्रा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस । बद्रीनाथ र केदारनाथ समेत ।







टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।



प्रो. पोषण प्रसाद साह

जानकी चौक, जनकपुरधाम-१०

पल्टी माई मन्दिर सब्जी बजार

मो. ९८४४१३३१९५ (नेपाल)

मो. ९८४४०७३६०० (नेपाल)

मो. 8271086993 (भारत)

## लेखा परीक्षक छनोटका लागि सूचना

**प्रकाशित मिति २०८१/०३/२५ गते**

उपरोक्त सम्बन्धमा यस जानकी महिला जागरण समाज (JWAS) जनकपुरधाम ४, धनुषाको आर्थिक बर्ष २०८०/२०८१ मा भएको आर्थिक कारोबारको बार्षिक लेखा परीक्षण गराउनुपर्ने भएकोले नेपाल सरकारबाट मान्यता प्राप्त रजिष्टर्ड "क" श्रेणीका लेखा परीक्षकहरुलाई निम्न बमोजिमको आवश्यक कागजात सहित आफूले लिने पारिश्रमिक शूल्क खुलाई सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आवेदन पेश गर्नहुन आह्वान गरिन्छ ।

**आवेदनमा संलग्न गर्नुपर्ने कागजातहरु:**

क) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता तथा अद्धावधिक नविकरण प्रमाण पत्रको प्रतिलिपि ।

ख) PAN/VAT दर्ता तथा प्रमाण पत्रको प्रतिलिपि ।

ग) आर्थिक वर्ष २०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

घ) फर्म वा कम्पनीको हकमा संक्षिप्त प्रोफाईल वा व्यक्तिको हकमा व्यक्तिगत विवरण ।

**नोट:** इच्छुक आवेदकहरुले यस संस्थाको ईमेल मार्फत पनि आफ्नो आवेदन पेश गर्न सक्नुहुनेछ ।


**सम्पर्कका लागि ठेगाना :**

**जानकी महिला जागरण समाज (JWAS)**

**जनकपुरधाम वडा नं ४, कटैयाचौरी जानेबाटो, धनुषा**

इमेल: jwas@ntct.net.np, jwasnepalngo@gmail.com

सम्पर्क फोन नं ०४१–५९१९५०



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सभालाई सत्तामोहको केन्द्र नबनाऊ

संसदीय पद्धतिमा विधि र प्रक्रिया महत्वपूर्ण हुन्छ । विधि र प्रक्रियाको बेवास्ता गर्नु संसदीय पद्धतिका लागि श्रेयस्कर हुन सक्दैन । राजनीतिको आवरणमा कानुनको छिद्र खोजेर विधि र प्रक्रियालाई औचित्यहीन बनाउनु हुँदैन । कानुनमा छिद्र पार्ने र आ- अफ्नो अनुकूलको अभ्यासले दुष्करको सम्भावनालाई ने आमन्त्रण गर्ने गरेको अनूभुतिहरुको हेक्का राख्नु जरुरी हुन्छ । देशका प्रधानमन्त्री , मन्त्री , प्रदेशका मुख्यमन्त्री , सांसदहरुले संसदीय अभ्यासको हेक्का राख्नु अपरिहार्य हुन्छ । सत्ताका नाममा चलखेलको बाटोमा हिंडेर संसदीय गरिमालाई आँच आउने कार्य गर्नु हुँदैन । अनेकौ.शंका , उपशंका र अविश्वासलाई जन्म दिइ अनिश्चिततातर्फ लैजाने र शक्ति प्रदर्शनको थलोका रुपमा परिणत गर्न उद्यत हुने प्रवृत्ति उत्तम संसदीय अभ्यास होइन । लोकतान्त्रिक संस्कार बलियो नभएको समाज र लोकतान्त्रिक आचरण , प्रतिबद्धता कमजोर भएको अवस्थामा जनताप्रतिको दायित्व बोधलाई बिर्सनु हुँदैन । संसद नीति निर्माण , जनता , संरचना , पद्धतिलाई समृद्ध पार्ने खाकासाथ चिन्तन गर्ने थलो हो । यसलाई सत्ता समीकरण , अंकगणितीय खेलको स्थल बनाइ प्रयोग गर्ने प्रवृत्ति उपहासका अतिरिक्त केही हुन सक्दैन । पटक पटक संसद अवरुद्धले नीति निर्माण , विकासका खाका कार्यान्वयन , छलफल सन्दर्भमा जनमतप्रति उत्तरदायीमा बाधक हुँदै गएको छ । सदनमा प्रस्तुत भएका विधेयकहरु अलपत्र अवस्थामा रहेका छन् भने जनताले भोग्नु परिरहेको विपत्ति गौण हुँदै गएको छ । यसलाई दुर्भाग्य नै मान्नु पर्छ कि सांसदले आफू जनताका प्रतिनिधि भएको र जनताप्रति उत्तरदायी हुनुपर्छ भन्ने आत्मसात गरेको देखिदैन । यस्तो अवस्थामा सरकारको भूमिका महत्वपूर्ण हुने हो तर सरकार बजेट जस्ता पक्षमा संवेदनहीनता प्रकट गरी जनतालाई निराश बनाउने कार्य गरेको छ । मुख्यमन्त्री सतीशकुमार सिंहको जनमत , एमाले , माओवादी , नेकपा समाजवादीलगायतका सरकारका अर्थ मन्त्री भरतकुमार प्रदेशसभामा प्रस्तुत आगामी आर्थिक वर्ष ०८१ - ८२ को बजेट ह्याक भएका घटनाले प्रदेशसभा अवरुद्ध भएको छ । हुन त अहिले नयाँ सत्ता समीकरण अनुसार माओवादी , नेकपा एस सरकारबाट बाहिर छन् तापनि यो घटनाले संसद नै अवरुद्ध हुन पुगेको छ । तत्कालीन अर्थमन्त्रीले बजेट ह्याकको घटना सार्वजनिक रुपमै स्वीकार गरेपछि बजेट पुर्नेलेखन कि समायोजन जस्ता विषय गहन रुपमा बहस भइ समायोजनसम्मको सहमति भइ सभा सञ्चालन भइ बजेटमा छलफलसमेत प्रारम्भ भएको थियो । पुनः पुर्नेलेखनको माग अधि सारेर प्रदेशसभा अवरुद्ध भएको छ । प्रदेशसभालाई अवरुद्ध गरी सत्तामोहको केन्द्र बन्न दिनु हुँदैन , विधि , प्रक्रियाको अभ्यास केन्द्र बन्न दिनु पर्दछ ।

# गठबन्धनको अस्थिर राजनीति



रोशन जनकपुरी

कबीर दासको पंक्ति छ :

*काल करे सो आज कर, आज करे सो अब,*

*पल मे परलय होत है, बहुरि करोगे कब ।*

तर छिन छिनप्रलयको आशंकाहुँदाआफूलाई जोगाउनु, किकामकाजगर्नु ?अहिले गठबन्धनको अस्थिर राजनीतिमा यस्तै भइरहेको छ । कति बेलाकुनदलले को संग मिलेर सत्ताको नयाँ समीकरण बनाउँछ, कतिखेर पुरानो सत्ता समीकरण भत्कन्छ र नयाँ समीकरणको सरकार बन्छ, ठेगान छैन । यस्तोअस्थिर सम्भावनामा सरकार बनाएका राजनीतिकदलहरुले आफूलाई जोगाउन् , किकामकाजगरुन् ?अझ सत्ता र सरकारमाजानुलाई आर्थिक लाभको अवसर ठानेर करोडौँ लगानी गरेर मन्त्रीपदपाएकाहरुको निम्ति छोटो समयमा बढीभन्दा बढी आर्थिक अवसरहरुको सदुपयोग गर्नु प्राथमिकतामा पर्नु स्वाभाविक नै हुनजान्छ । यस्ताहरुको निम्ति सरकारको फेर बदलएकखालको 'परलय' (प्रलय) नै हो ।अब त वर्षभरीमा यस्तो 'परलय'तीनतीन पटक हुनथालेको छ । विगत डेढवर्षको हिसाबगर्ने हो भने कुनै बेलाकाँग्रेस माओवादीले सरकार बनाए, त्यसपछि माओवादी र एमालेले सरकार बनाए र अहिले एमाले-नेपालीकाँग्रेसले नयाँसरकार बनाउनलगन गाँठोको कुरा छिनि सकेको छ । अहिलेकामाओवादी केन्द्रकाप्रधानमन्त्री प्रचण्डले बहिर्गमन गरेसंगे लगन गाँठोपनि पूरा हुनेछ ।

यो भन्दापहिले कि त नेपालीकाँग्रेस र माओवादी केन्द्र, किमाओवादी केन्द्र र एमालेले मिलेर सरकार बनाउँने गर्थे । नेका र एमाले दुई प्रतिस्पर्द्धि जस्ता देखिन्थे । यस पटक त माओवादी केन्द्रलाई छेउ पारेर एमाले र नेकापनिमिलेका छन् । यस पटक यो राजनीतिक समीकरण बीजगणीतकोतीनपदको 'साइक्लिक अर्डर' (चक्रियक्रम) जस्तो भएछ : ए प्लस बी, बीप्लस सी र सी प्लस ए जस्तो । रुपमाभिन्न देखिएपनितालपरे सबैले सबैसंग तालमिलाउन सक्ने । यस्तोमा, को कस्लाई धक्याएर कोसंग कति बेलाहात मिलाउछ, कस्ले भन्न सक्छ ? एउटा नेपालीफिलिमको नारायण गोपालले गाएको गीत छ नि ! 'को कस्को हो, को कस्को हो, कस्ले भन्न सक्छ र !'त्यस्तै । अबतपाँई नै भन्नुस, यस्तोमा राजनीतिकदलहरुले आफ्नो दाउबचाउनु, किजनतातिर हेर्नु ?

अझ साना राजनीतिकदलहरुको निम्ति त झन् चनाखो भइ बस्नु पर्ने राजनीतिक समय हो यो । हुनत सानादलहरुको निम्ति गठबन्धनको राजनीति नै फलीफापहुने समय हो । स्पष्ट बहुमतको सरकार बने सानादलहरुलाई कस्ले भाउदिनु ? गठबन्धन समीकरणमा बहुमतको सन्तुलनमिलाउन सानादलहरु कामलाग्ने गर्छन् । तपाँई भन्न सक्नु हुन्छ, दुई प्रतिस्पर्द्धि ठुलादलहरुको तानातानमाजोखनामिलाउनथपनको निम्ति सानादलहरुको आवश्यकता पर्छ । तरपनि, अनेक हन्डर खाएर चुनावजित्नु र सरकारी समीकरणमा छिर्नु कम्तीको कामहोइन । यस्तोमा संसदीयव्यवस्थामागठबन्धनको राजनीति शुरु भएपछि सबैभन्दाखुशी सानादलहरु नै हुने गर्छन् । तरकतिबेला समीकरण भत्केर नयाँ समीकरण बन्ने हो र सरकारबाट फालिने हो, भनेर हरेक समय भयग्रस्त र चनाखो भएर बस्नेपनि सानादलहरु नै हुने गर्छन् ।

हुन त अवैध आर्थिक लगानीको विशालव्यवसायमा परिणत भैसकेको संसदिय राजनीतिकव्यवस्थामाआर्थिक स्वार्थ नै प्रधानहुने गर्छ । त्यसमापनि गठबन्धन राजनीतिको अर्को विशिष्टता भनेको राजनीतिकइमान्दारी, नैतिकता, जनहित र विकासकावचन र आश्वासन सबै गफमात्रहुने गर्छन् ।

जनताको दृष्टिले यो गठबन्धनको राजनीति बेसरम चकमाभन्दा बढी छैन । सबै राजनीतिकदलले जनतालाई लोकतन्त्र, जनवाद, जनकल्याण, विकास र समृद्धिको पाठ पढाउँछ । हामीकुनैपनिहालतमाफलाना पार्टीसंग जान्नौँ । फलाना पार्टी राम्रो, ढिस्काना पार्टी जनताविरोधी, भनेर जनतालाई विश्वास दिलाउँछ । तर जब सरकारको समीकरण फेरिन्छ, त्यै पार्टी जनविरोधीभनेको पार्टीलाई समर्थन गर्न पुग्छ ।

सानादलहरु आफ्नो राजनीतिकअस्तित्व र आर्थिक अवसरको निम्तिदाउ छोप्न बकुल्लाध्यानमा हुन्छन् भने ठुला दलहरुपनि संगैकादलहरुप्रतिआशंकित हुन्छन् रआफ्नो अवसरको निम्ति साथीको गला रेटेर हिजोसम्मको दुस्मनसंग हातमिलाउनपनितयार हुन्छन् ।

हाम्रो देशको संघीय राजनीतिमा संघीय सरकार र प्रदेश सरकारहरु यस्तै अस्थिरताबाट गुज्रीरहेका छन् । संघीय सरकारमाएमालेले माओवादी केन्द्रसंगको सम्बन्धविच्छेद र नेपालीकाँग्रेससंग मिलेर नयाँ सरकारको समीकरण बनाएपछिको प्रभावप्रदेशहरुमापनि देखिएको छ । मधेश प्रदेशमाभर्खरै जनमतपार्टीकामूख्यमन्त्रीले एमाले र नेपालीकाँग्रेससंग मिलेर विश्वासको मतजितेका छन्, र नयाँ सरकार बनाउने तरखरमा छन् । एक महिनापनिभएको छैन, प्रचण्ड र केपीओलीसंगजसपा नेपालको अध्यक्षउपेन्द्र यादवको खटपट भएर संघ र प्रदेश दुबैमाजसपा नेपाल सरकारबाट बाहिरिएपछि जेठ २५ गते जनमत पार्टीको तर्फबाट सतीस सिंहएमाले र माओवादी केन्द्रको समर्थनमामूख्यमन्त्रीबनेकाथिए । र, असार २१ गते नयाँमूख्यमन्त्रीको रुपमाविश्वासमतजीतेर उनीएमाले र नेकाको समर्थनमानयाँ सरकार बनाउने अभ्यासमा छन् । कतिअस्थिरता?लगन गाँठोको रंगपनि सुकेको छैन, र नयाँ बिहेको तयारी शुरु !

अझ, अल्पमतमा परेरपनिप्रधानमन्त्री प्रचण्डले राजीनामादिएका छैनन् । गणीतीय अंक हेर्दा उनी प्रष्ट अल्पमतमा छन्, तरपनिउनले संसदमाविश्वासको मतलिने घोषणा गरेका छन् । न यसभित्रपनि केही रहस्य छ कि?कुनैपनि बेला जेपनिहुनसक्ने सम्भावनाबोकेको अस्थिरताले स्थिति प्रष्ट नभएसम्म सानादलहरुको निम्ति डरामर्नु छ । न होला, तर के भर छ र ? हैट, यो राजनीतिहो वाकुनै थ्रिलर सस्पेन्स ? यो लेख तयार गर्ने बेलाबाग्मतीप्रदेशमापनिएमाले सरकारबाट बाहिरिएपछि, त्यहाँपनिमाओवादीकेन्द्रको सरकार अल्पमतमा परेको छ र त्यहाँपनि सम्भावितएमाले र नेकाको नयाँ सरकारमासानादलहरुकोअवसर छोप्ने दौड शुरुभइसकेको छ । क्रमशः यो खेल सातवटैप्रदेशमा फैलिनेवाला छ ।

जनताको दृष्टिले यो गठबन्धनको राजनीति बेसरम चकमाभन्दा बढी छैन । सबै राजनीतिकदलले जनतालाई लोकतन्त्र, जनवाद, जनकल्याण, विकास र समृद्धिको पाठ पढाउँछ । हामीकुनैपनिहालतमाफलाना पार्टीसंग जान्नौँ । फलाना पार्टी राम्रो, ढिस्काना पार्टी जनताविरोधी, भनेर जनतालाई विश्वास दिलाउँछ । तर जब सरकारको समीकरण फेरिन्छ, त्यै पार्टी जनविरोधीभनेको पार्टीलाई समर्थन गर्न पुग्छ ।

मधेशी राजनीतिमा त झन् रोचक स्थिति छ । प्रदेशको राजनीतिमाजसपा नेपाल र जनमत पार्टीको सम्बन्धशत्रुवत् कटु देखिन्छ । कहिल्यै मिल्न न सक्ने । त्यस्तै विगत स्मरण गर्ने हो भने मधेशको क्षेत्रीय राजनीतिप्रति कटु उदासीनएमाले अध्यक्ष केपीओलीमधेशको राजनीतिमा सबैभन्दा मन नपराइने पात्रहुन् । तर एमालेको समर्थनमामाओवादी केन्द्रको सरकार हुँदाजसपा नेपाल र जनमत पार्टी दुबैको समर्थन थियो ।अझअहिले, नेपालीकाँग्रेस र एमालेको सरकार बन्ने समीकरण बनेपछि जसपा नेपाल र जनमत पार्टी दुबैले समर्थन दिने जनाइसकेका छन् । त्यतिमात्रै किन, जसपा नेपालबाट फुटेर प्रचण्ड सरकारमामन्त्रीखानगएको अशोक राई नेतृत्वको जसपा र केपीओलीप्रति सबैभन्दा कटु मानिने महन्थ ठाकुरको लोकतान्त्रिक समाजवादी पार्टीले पनि नेकाएमाले समीकरणलाई समर्थन दिने जनाएको छ । यसै आधारमालोसपामधेश प्रदेशमाजनमत पार्टीका नेता सतिस सिंहको सरकारलाई समर्थनदिएर मन्त्रीपदको बार्गेनिङ्गमा समेतलागेको छ । जसपा नेपाल र जनमतको स्थितिभने रोचक नै छ । संघमा नेका र एमालेको समीकरणलाई दुबैले समर्थन जनाएपनिमधेश प्रदेशमाजसपा नेपालले जनमत पार्टीलाई विश्वासको मतदिएको छैन ।

यस सारा गन्थनमन्थनको सार के हो भने वर्तमानअस्थिर र अवसरवादी राजनीतिमा सिद्धान्त, एजेन्डा, जनप्रतिबद्धता र राजनीतिकइमान्दारीहरु सुनाउनकालागिमात्रहुन् ।हुन त अहिलेपनि नेताहरुले लफ्फाजी छाडेका छैनन् । भर्खरै लोसपाकाअध्यक्षमहन्थ ठाकुरले मधेश अहिलेपनि 'आन्तरिक उपनिवेशमा छ'भन्ने अभिव्यक्तिदिएका छन् । मधेशीमनोभावको उत्तेजनात्मकअभिव्यक्तिहरु त मधेश राजनीतिबाट विकसित सबै पार्टीहरुको सदाबहार राग जस्तो नै हो । यद्यपि सत्ताको लोभमायीदलहरु जसरी नग्नहुँदैछन्, विगतमाभएका राजनीतिकआन्दोलन, जनताकादुःख र शहादत सम्झने हो भने दिक्कलाग्दो र आक्रोशपूर्ण छ ।

यो स्थिति मधेशी राजनीतिबाट उदाएका पार्टीहरुको मात्रै छैन । भ्रष्ट राजनीतितथा गठबन्धनको अस्थिरताले संसदिय राजनीतिकाप्रायः सबै दलहरुलाई नग्नबनाई दिएको छ । तर यस्लाई सत्ता र आर्थिक अवसरको लोभ नै भन्नु पर्छ किनग्नभएर पनियी राजनीतिकदलहरुएकातिरजनताकोभजनगाइरहेका छन्, रअर्कोतिरनिरन्तर अस्थिरताको बीचअवसर छोप्न एक अर्कासंग घाँटीपनि जोडदै छन् र खुट्टापनि तान्दै छन् । यस्तोमाभोक, रोग, शिक्षा, स्वास्थ्य, आवास, र समृद्धि जस्ता जनता र देशको एजेन्डाबारे सोच्ने कस्लाई फुर्सद रहन्छ ? एउटा गीत छ नि ! ' अपनगगरी सम्हारु कितोर बालमा' । यी पार्टीहरु र नेताहरुलाई आफूबाट फुर्सद भएपो जनतालाई हेर्ने हो !

यसै अस्थिरता र राजनीतिकनिरीहताको परिणाम हो कि समग्र राजनीतिमाप्रत्यक्षअप्रत्क्ष सक्रियप्रतिगामीशक्तिहरुले गणतन्त्र, संघीयता र समानुपातिकता जस्ता अग्रगामिता विरुद्ध हमलागर्न तत्पर छन्, र सम्विधानमा संशोधनका कुरा उठाउँदै छन् । वर्तमानमा देखिएको राजनीतिकदलहरुको अस्थिरताकुनै भद्दा प्रहसन जस्तै देखिएपनि नेका र एमालेभित्रजुनकोणबाट सम्विधान संशोधनको बहस शुरु भएको छ, त्यो खतरनाकछ ।

यस कारण जसरी भएपनि यस राजनीतिकअस्थिरताको अन्त्य हुनुपर्छ र नेपालीजनताको अथक संघर्ष, त्याग तपस्या र बलिदानबाट प्राप्त राजनीतिकउपलब्धिहरुको रक्षागर्दै देशअग्रगामीदिशामाजानु पर्छ । यतिबेलाजनवादी राजनीतिकशक्तिहरु कमजोर छन् । सत्तामा रहेकाप्रायः सबै राजनीतिकदलहरुमा भ्रष्ट अवसरवादिताले नराम्ररी गाँजेको देखिन्छ र जनवादी स्वर कमजोर हुँदैगएको देखिन्छ । यस्तोमा जनसमुदायको सचेतताआवश्यक छ, जनवादी राजनीतिकअधिकारको निम्तिपनि र विकासको निम्तिपनि ।

# सुशासन, सामाजिक न्याय र समृद्धिको दिशामा ऐतिहासिक फड्को



रेखा शर्मा

सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा सरकार गठन भएको डेढ वर्ष पूरा भएको छ । तीन 'स' अर्थात् सुशासन, सामाजिक न्याय र समृद्धिलाई मुख्य सोच बनाएर अघि बढेको सरकारले यी तीनवटै क्षेत्रमा ऐतिहासिक सफलता प्राप्त गरेको छ । सुशासनका पक्षमा सरकारले लिएको दृढता र चालेका कदमका कारण सुशासनको क्षेत्रमा नयाँ युगको थालनी नै भएको छ । त्यसै पनि नेपाली समाज लामो समयदेखि सामन्तवादी सोच चिन्तनबाट ग्रसित रह्यो, त्यसमा पनि शक्तिमा हुनेहरु आम नागरिकभन्दा माथि हुन्छन् भन्ने 'भिआइपी कल्चर' सदियौँदेखि चल्दै आयो । सामन्तवादविरुद्धको ऐतिहासिक लडाइँको नेतृत्व गरेको राजनीतिक शक्तिले सञ्चालन गरेको सरकार हुनुका नाताले पनि हामीले सामन्तवादका बचेखुचेका अवशेष समाप्त पार्न केही गर्नैपर्थ्यो । सम्माननीय प्रधानमन्त्री प्रचण्ड नेतृत्वको सरकारले 'गणतन्त्रमा कसैलाई पनि गल्ती गर्ने छुट हुँदैन, गल्ती गरे उन्मुक्ति पाइँदैन' भन्ने जुन तथ्य व्यावहारिक रुपमा नै स्थापित गरेको छ, सुशासनका पक्षमा थालिएको यो कदम युगयुगसम्म पनि स्वर्ण लक्षरले लेखिनेछ ।

सुशासन, सामाजिक न्याय र समृद्धिको गरी तीनवटै क्षेत्रमा सरकार ऐतिहासिक पहलकदमी अघि बढाएको छ । नक्कली भुटानी शरणार्थी, ललितानिवास, बाँसबारी छाला कारखाना जग्गालगायतका भ्रष्टाचारसँग जोडिएका हरेक प्रकरणमा सरकार सुशासनको पक्षमा दृढतापूर्वक उभिएको छ ।सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, व्यावसायिक र जवाफदेही बनाउँदै भ्रष्टाचारलाई कडाइका साथ नियन्त्रण गर्न आवश्यक नीतिगत, कानूनी तथा संस्थागत सुधारका विषयलाई अघि बढाइएको छ । भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीतिलाई राज्यका तीनै तहमा कडाइका साथ कार्यान्वयन गरिएको छ ।

सुशासनको अर्को पक्ष सेवा प्रवाह हो, यसमा सरकारले अब्बलता नै प्रस्तुत गरेको छ । नागरिकता तथा राष्ट्रिय परिचयपत्र, विद्युतीय राहदानी, जग्गा रजिष्ट्रेसन, श्रम स्वीकृति, सवारी चालक अनुमतिपत्र, नो अब्जेक्सन सर्टिफिकेटलगायतका सेवाका लागि सरल, कम खर्चिलो र झन्झटमुक्त बनाइएको छ । यस्ता सेवाहरू प्राप्त गर्न घण्टौँ लाइन बस्नुपर्ने झन्झट र कष्टपूर्ण अवस्थाको अन्त्य भएको छ । निश्चित सार्वजनिक बिदाका दिनमा समेत सेवा प्रवाह हुने व्यवस्था मिलाइएको छ । जनगुनासो सम्बोधन गर्ने प्रभावकारी प्रणालीको आवश्यकता महसुस गरी हेल्लो सरकारको सेवालाई चौबिसै घण्टा सञ्चालनमा ल्याइएको छ ।

इतिहासमै पहिलोपटक दुर्गम क्षेत्रसहित देशभरका सामुदायिक विद्यालयमा अध्ययनरत सबै विद्यार्थीहरूका लागि शैक्षिक सत्र सुरु हुनुअगावै निःशुल्क पाठ्यपुस्तक वितरणको सुनिश्चित गरिएको छ । सरकारी अस्पतालको सेवा र गुणस्तरमा सुधार ल्याइएको छ । अस्पतालहरुमा जनरल शैय्या गरिब तथा विपन्न नागरिकको लागि निःशुल्क उपलब्ध गराउने नीति अघि बढाइएको छ । पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सरको निःशुल्क उपचारको प्रबन्ध मिलाइएको छ । विदेशमा रहेका १५ लाख नेपालीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिएको छ । राहदानी नवीकरण विदेशबाटै गर्न सकिने तथा प्रदेशबाटै श्रम स्वीकृति लिन सकिने भएको छ । श्रम स्वीकृति दिन दुई वर्षे विद्यमान प्रावधानलाई हटाई कार्य सम्झौताको आधारमा पूरै कार्य अवधिको लागि दिने व्यवस्था गरिएको छ ।

राष्ट्रिय परिचयपत्र विवरण दर्ता गर्न ७७ वटै जिल्लामा ८३० वटा स्टेशन सञ्चालन गरिएको छ । मुलुकमा उपलब्ध जनशक्ति र रोजगारदाताबीचको दूरी घटाई देशभित्र रोजगारीका अवसर वृद्धि गर्ने उद्देश्यले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको संयोजनमा प्रदेश सरकार र निजी क्षेत्रको सक्रिय सहभागितामा सबै प्रदेशमा 'श्रमाधान रोजगार मेला' सम्पन्न गरिएको छ । चालु खर्च २० प्रतिशत कटौती गरी मितव्ययी सरकारको प्रमाण प्रस्तुत गरिएको छ । किसानको हितलाई केन्द्रमा राखी दूधको मूल्य समायोजन गरिएको छ । लामो समयदेखि भुक्तानी हुन नसकेको दूधको भुक्तानी, उखु किसानको भुक्तानी र निर्माण व्यवसायीहरूको भुक्तानी दिइएको छ । सहकारी क्षेत्रका समस्या सम्बोधन गर्न उच्चस्तरीय समिति गठन गरी कार्यप्रारम्भ गरिएको छ । गेटा कलेजलाई मेडिकल विश्वविद्यालय बनाउने निर्णय भई काम सुरू भएको छ ।

प्रधानमन्त्री कार्यालय मातहतका कार्यालय र निकायहरूको गतिशीलता कायम गर्न बैठक, सिनेट, दीक्षान्तलगायतका कामहरू व्यवस्थित गरिएको छ । प्रधानमन्त्री कार्यालयको सङ्गठन तथा व्यवस्थापन सर्भे गरी सोहीअनुरूप कर्मचारी समायोजन गरिएको छ । प्रधानमन्त्री कार्यालय, मन्त्रालयहरू, प्रधानमन्त्रीको सचिवालयलगायत सबै क्षेत्रमा सुशासनको प्रत्याभूति गरिएको छ । भ्रष्टाचार नियन्त्रण र सुशासनको काम आफैँबाट प्रारम्भ गरिएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट कैयौं अनियमितताका विषयमा छानविन गरिएको छ । केही इन्टरनेट सेवा प्रदायकहरुले एक दशकदेखि नेपाल सरकारलाई तिर्नु बुझाउनुपर्ने रोयल्टी राजश्व प्राप्त नभएका आवश्यक छानबिन गरेर कारबाही प्रक्रिया अघि बढाउँदा तत्कालका लागि राज्यलाई झण्डै पौने चार अर्ब राजश्व प्राप्त हुने बाटो खुलेको छ भने दीर्घकालीन रुपमा यसले राज्यकोषमा अर्बौं रकम आउने बाटो सुरक्षित गरेको छ । नेपाल दूरसञ्चार प्राधिकरणले खरिद गरेको मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस)को कार्यान्वयनमा देखिएका जटिलता र यसको खरिद प्रक्रियामै उठेका प्रश्नको तथ्य पहिचान गर्न मन्त्रालयमा समिति नै बनाएर छानविन गरिएको छ ।

कानुनी र नीतिगत आधारबिना नै नेपाल दूरसञ्चार प्राधिकरणबाट टेरामक्स प्रणाली जडान गर्न खोजेको विषयमा पनि मन्त्रालयले कानुनी र नीतिगत व्यवस्था यकिन गरेर मात्रै प्रक्रिया अघि बढाउन नियामक निकायलाई निर्देशन दिइसकेको छ । दूरसञ्चार सेवा प्रदायक एनसेलको शेयर खरिद बिक्रीका सम्बन्धमा प्रश्न उठेपछि प्रचलित कानुनको परिपालनाको विषय, राजश्व र नेपालमा बैदेशिक लगानीमा पर्नसक्ने असरलगायतका विषयमा उच्चस्तरीय समितिबाटै अध्ययन तथा छानविन गरी प्रतिवेदन कार्यान्वयन गर्न नियामक निकायमा पठाइसकिएको छ ।

सामाजिक न्यायको क्षेत्रमा सामन्तवादको जीवित अवशेषको रुपमा रहेको मिटरब्याजको अन्त्य गरिएको छ । नागरिकता विधेयक प्रमाणीकरण गरेर हजारौं नागरिकताविहीनलाई नागरिकता प्रदान गरिएको छ भने अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगार श्रमिकलाई पनि सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने प्रक्रिया सुरु भएको छ । दलित एवं उपेक्षित उत्पीडित वर्गका अधिकारलाई सुदृढ गर्न अधिकार सम्पन्न प्राधिकरण गठन गर्ने निर्णय गरिएको छ । नेपाल संवतलाई सरकारी लिखतमा अनिवार्य गर्ने निर्णय गरी कार्यान्वयनमा ल्याइएको छ । सुशासन र सामाजिक न्यायसँगै समृद्धि पनि वर्तमान सरकारको अर्को पिलर हो । सरकार गठन हुँदै गर्दा जर्जर रहेको देशको आर्थिक अवस्था अहिले वित्तीय क्षेत्रका समस्यालाई नीतिगत तथा कार्यान्वयन तहबाट उचित सम्बोधन गरिएपछि समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक हुँदै आएका छन् ।

वित्तीय तथा मौद्रिक नीतिमा खुकुलोपन ल्याई व्यवसायीहरूको हित संरक्षण भएको छ । पर्यटक आगमन बढेको छ, रेमिट्यान्स बढेको छ, व्यापारघाटा कम भएको छ । विदेशी मुद्राको सञ्चिति उकालो लागेको छ, जिडिपीमा वृद्धि भएको छ । बैंकको ब्याजदरमा सुधार आएको छ । लघुवित्त र सहकारीका समस्या समाधानको पहल गरिएको छ । राजस्व सङ्कलनमा वृद्धि भएको छ । रोकिएको घरजग्गा कारोबार फुकुवा गरी अर्थतन्त्र चलायमान गराइएको छ । पोखरा र भैरहवाको अन्तर्राष्ट्रिय विमास्थल उद्घाटन गरी सञ्चालनमा ल्याइएको छ । भरतपुर विमानस्थलको स्तरोन्नति गर्ने काम अगाडि बढाइएको छ । विभिन्न अन्तर ाष्ट्रिय प्रतियोगितामा विजेता खेलाडीहरूलाई पुरस्कार र प्रोत्साहन गरिएको छ ।

अरूण-३, काठमाडौँ नागढुङ्गा सडकको सुरूङमार्ग, मरिन डाइभर्सन बहुउद्देश्यीय परियोजना लगायतका परियोजनाहरूको ब्रेक-थ्रू गरिएको छ । पूर्वाधार निर्माणमा उच्च प्राथमिकता दिइएको छ । भरतपुर रङ्गशाला, मुलपानी रंगशाला र विराटनगर रङ्गशालालाई राष्ट्रिय गौरवका आयोजना घोषणागरी निर्माण कार्यमा उच्च प्राथमिकता दिइएको छ । तेस्रो लगानी सम्मेलन भव्यतापूर्वक सम्पन्न गरिएको छ । लगानी सहजीकरणसम्बन्धी ऐन संसदमा प्रस्तुत भई पारित गरिएको छ । विदेशी अनुदान र सहायतामा सुधार आएको छ । प्रतिवद्धताअनुसार लगानी जुट्दैछ । 'सुशासन, सामाजिक न्याय र समृद्धि'को मुख्य सोंचसहित आर्थिक वर्ष २०८१-२०८६ का लागि सोह्रौं योजना तर्जुमा गरिएको छ ।

नेपालको समृद्धिको महत्वपूर्ण क्षेत्र ऊर्जा हो । सम्माननीय प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा नेपाल एवं भारतका लगानीकर्ताद्वारा सञ्चालनमा आउने जलविद्युत् आयोजनाबाट आन्तरिक माग पूरा गरी दश वर्षमा दश हजार मेगावाट विद्युत् निर्यात गर्ने सन्दर्भमा दीर्घकालीन विद्युत् व्यापार सम्झौतामा प्रारम्भिक हस्ताक्षर भएको हुनु र नेपालबाट ४० मेगावाटसम्म विद्युत् बङ्गलादेश निर्यात गर्ने सहमति हुनुलाई महत्वपूर्ण उपलब्धि मान्नुपर्छ ।

सरकार आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको बजेटबाट समृद्धिको मोटामोटी कार्ययोजना पेश गर्न सफल भएको छ । आर्थिक सुधारका नीति, योजना र प्राथमिकता निर्धारण गरिएको छ । आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्धन, कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन प्रविधि, पर्यटन, औद्योगिक विकास तथा पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्यलगायत सामाजिक क्षेत्रको विकास, समावेशिता र सामाजिक सुरक्षा, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउने सवाललाई सरकारले प्राथमिकतामा राखेको छ । यसका लागि आर्थिक सुधारका रणनीति तय गर्दै सरकारले संरचनात्मक सुधार, नयाँ चरणको आर्थिक सुधार कार्यक्रम, व्यावसायिक वातावरण सुधार, सार्वजनिक वित्त प्रणाली सुधार, वित्तीय क्षेत्रको सुधार र सार्वजनिक प्रशासन सुधारलाई जोड दिएको छ ।

समृद्धिका पाँच रूपान्तरणकारी क्षेत्रको रुपमा सरकारले कृषि क्षेत्रको रूपान्तरण, ऊर्जा क्षेत्रको विकास, सूचना प्रविधिको विकास, पर्यटन प्रवर्द्धन र उद्यमशीलता र औद्योगिक विकासलाई स्थापित गरेको छ । यसबीचमा सूचना प्रविधिलाई आर्थिक रुपान्तरणको प्रमुख आधारको रुपमा स्थापित गर्न सफल भएका छौं, यो मुलुककै रुपान्तरणका लागि ठूलो छलाङ हो । यसअघि कृषि, जलस्रोत, पर्यटन र औद्योगिक विकास तथा पूर्वाधार निर्माणलाई नेपालका प्रमुख आर्थिक क्षेत्रको रुपमा लिने गरिएकोमा अब नवीनतम् आर्थिक रुपान्तरणकारी क्षेत्रको रुपमा सूचना प्रविधि थप भएको छ । नेपाललाई सूचना प्रविधिको हवको रूपमा विकास गर्दै आगामी दशकलाई सूचना प्रविधि दशकको रूपमा अगाडि बढाउने र आगामी आर्थिक वर्षलाई त्यसको प्रारम्भ वर्षको रूपमा लिई तद्नुरूपको तयारीको थालनी गर्ने व्यवस्था मिलाइएको छ । आगामी दश वर्षमा ३० खर्वको सूचना प्रविधि सेवा निर्यात र १० लाखको रोजगारी सिर्जन गर्ने लक्ष्यका साथ आइटी हब, वर्क स्टेशन, सातै प्रदेशमा आवश्यक तालिम र डिजिटल साक्षरता लगायतका कार्यक्रम प्राथमिकताका साथ अघि बढाइएको छ ।

आगामी पाँच लाख परिवारलाई लालपुर्जा वितरण गर्ने, पोडवे निर्माण, महिला लगानी वर्ष मनाउने घोषणा, प्रधानमन्त्री छोरी कार्यक्रम, मूल्य अभिवृद्धि करमा दर्ता भएका सबै करदाताले क्रमशः अनिवार्य रूपमा विद्युतीय प्रणालीबाट बिजक जारी गर्नुपर्ने, समस्याग्रस्त सहकारीको समस्या समाधान, एक अर्ब रकम बराबरको स्टार्टअप कोष स्थापना, २०८१-२०९१ सम्मको अवधिलाई कृषिमा लगानी दशक घोषणा, आगामी वर्ष १६ लाख पर्यटक भित्र्याउने लक्ष्य, आगामी वर्ष नौ सय मेगावाट विद्युत थप गर्ने लक्ष्य लगायतका कार्यक्रम सुशासन, सामाजिक न्याय र समृद्धि स्थापित गर्ने दिशामा केन्द्रित छन् ।

सरकारले कूटनीतिक सन्तुलन कायम गर्दै आफ्ना एजेण्डा विश्वमञ्चमा स्थापित गर्न पनि ऐतिहासिक सफलता प्राप्त गरेको छ । । यो एक वर्षको बीचमा सम्माननीय प्रधानमन्त्री भारत, अमेरिका, चीन, संयुक्त अरब इमिरेट्सलगायतको भ्रमण गरी सन्तुलित कूटनीति स्थापित गर्न सफल हुनुभएको छ । जलवायु परिवर्तन र यसले निम्त्याएका असरहरूबारे अन्तर्राष्ट्रिय फोरमहरूमा पहलका साथै जलवायु न्यायको आवाज बुलन्द गरिएको छ । मित्रराष्ट्र भारत र चीन, संयुक्त राष्ट्रसङ्घको महासभा, विश्व खाद्य सम्मेलन, विश्व जलवायु सम्मेलन, असंलग्न राष्ट्रहरूको शिखर सम्मेलन लगायतका अन्तर्राष्ट्रिय फोरमहरूमार्फत् नेपालको अन्तर्राष्ट्रिय छवि र आर्थिक कुटनीतिमा महत्वपूर्ण हस्तक्षेप गरिएको छ ।

जनताको जीवनप्रति सरकार गम्भीर र संवेदनशील छ भन्ने सवाल हामीले गतवर्ष भूकम्प प्रभावितको उद्धार र उपचारमा देखाएको तदारुकताबाट पनि पुष्टि भएको छ ।

# वर्षाबाट भएको क्षतिबारे संसद्लाई जानकारी गराउन माग



काठमाण्डु । प्रतिनिधिसभाको सोमबारको बैठकमा शून्य समयमा बोल्नुहुने सांसदहरुले मनसुनी वर्षापछि देशभर बाढीपहिरो, डुबानलगायत विपद्बाट भएको धनजनको क्षतिको वास्तविक विवरणबारे जानकारी दिन संसद्मार्फत सरकारसँग माग गर्नुभएको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसद शेरबहादुर कुँवर, हेमराज राईले बाढी, पहिरो र डुबानबाट भएको क्षतिको विवरण उपलब्ध गराउन सरकारसँग माग गर्नुभएको हो ।

मनसुनी विपद्का कारण घरबास गुमाएकालाई पुनर्वासको व्यवस्थासहित राहत उपलब्ध गराउन, घाइतेलाई शीघ्र उपचार गराउन, हराइरहेकाको खोजी तीव्र पार्न र जोखिमका रहेका बस्तीको स्थानान्तरणका लागि सांसदहरुले माग गर्नुभएको हो ।

शून्य समयमा सांसदहरु शोभा ज्ञवाली, सन्तोष चालिसे, सीताकुमारी राना, सपना राजभण्डारी, सीता मिजार, सुशीला श्रिपाली ठकुरी, सूर्यमान तामाङ दोङले प्राकृतिक विपद् व्यवस्थापन, राहत तथा उद्धारका कार्यमा शीघ्रता दिन सरकारलाई आग्रह गर्नुभयो । बाढी, पहिराका कारण देशभरका राजमार्ग अवरुद्ध भएको विषय संसद्मा उठाउँदै सांसदहरुले सहज यातायात आवागमनको व्यवस्था गर्न माग गर्नुभयो । बाढी, पहिरो र डुबानको जोखिम भएका स्थान पहिचान गरी त्यहाँका बासिन्दालाई सुरक्षित स्थानमा सार्ने, पूर्वसूचनाप्रणालीप्रभावकारी बनाउनुपर्ने, आकस्मिक उपचारका लागि अस्पताल तयार पारिनुपर्ने, उद्धारका लागि हवाई एम्बुलेन्सको व्यवस्था गर्नुपर्नेलगायत माग सांसदहरुले माग गर्नुभयो ।

सांसद शान्ति विकले गृहमन्त्रालयले विभिन्न भ्रष्टाचारका काण्ड छानबिनमा ढिलाइ गरेको र राजनीतिक समीकरण फेरबदल हुनुमा वर्तमान सरकारको कार्यशैली जिम्मेवार रहेको आरोप लगाउनुभयो ।

सांसदहरु डा स्वर्णिम वाग्ले र सन्तोष परियारले अहिलेको सरकारले नक्कली भुटानी शरणार्थी प्रकरणका अभियुक्त बेचन झालाई पक्राउ गरेपछि अरु व्यक्ति पनि पक्राउपर्ने डरले सत्तासमीकरण फेरबदल चलेको आरोप लगाउनुभयो ।

सांसद सम्झना थपलिया हुलाकी राजमार्गअन्तर्गत सिराहा र धनुषा जिल्ला जोड्ने कमला नदीको पुल उपयोगमा नआउँदै भासिएको सदनलाई जानकारी गराउँदै गलत डिजाइन र कमसल निर्माण सामग्रीका कारण भासिएको बताउनुभयो । उहाँले त्यसबारे अध्ययन गरी दोषीलाई कारबाहीको माग गर्नुभयो ।सांसद सरस्वती बजिमयले सुन तस्करी प्रकरणबारे छानबिन प्रतिवेदनले दिएका सुझाव कार्यान्वयन गर्न र प्रतिवेदनले देखाएका दोषीलाई कारबाहीको प्रक्रिया अघि बढाउन माग राख्नुभयो ।

अर्का सांसद सराज अहमद फारुकीले राष्ट्रिय सहमतिको सरकार निर्माणका लागि मार्गप्रशस्त गर्न प्रधानमन्त्रीसँग आग्रह गर्नुभयो । मुलुकमा राजनीतिक स्थिरताकालागिराष्ट्रियसहमतिको सरकार आवश्यक रहेको उहाँले बताउनुभयो । सांसद सूर्यमान तामाङ दोङले पनि राजनीतिक समीकरण बदलिएकाले प्रधानमन्त्रीले नैतिकताका आधारमा राजीनामा गर्नुपर्नेमा जोड दिनुभयो ।सांसद सुशीला थिङले राष्ट्रिय परिचयपत्रमा प्रयोग हुने फोटोमा विवाहित महिलाले सिन्दुर पोते लगाउन नपाइने व्यवस्था हटाइनुपर्ने बताउनुभयो ।रासस

# लगानी सहजीकरणसम्बन्धी विधेयकमा राष्ट्रियसभाबाट भएको संशोधन स्वीकार

काठमाण्डु । प्रतिनिधिसभाको सोमबारको बैठकले लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ का सम्बन्धमा राष्ट्रियसभाबाट भएको संशोधनलाई स्वीकार गरेको छ ।



सोमबारको बैठकमा प्रधानमन्त्री एवं उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' का तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले ' लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ का सम्बन्धमा राष्ट्रियसभाबाट भएको संशोधनमाथि सदनमा पुनर्विचार गरियोस्' भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । उक्त प्रस्तावमाथि भएको छलफलपछि बहुमतले राष्ट्रियसभाबाट भएको संशोधनलाई स्वीकार गरी पारित भएको हो ।

सो विधेयक यही असार १७ गते प्रतिनिधिसभाले पारितगरी राष्ट्रियसभामा पठाएको थियो । राष्ट्रियसभाले केही प्रावधान संशोधनसहित विधेयक पारित गरेर पुनःप्रतिनिधि सभामा पठाएको हो ।सरकारले गत वैशाख १६ र १७ गते तेस्रो लगानी सम्मेलन आयोजना गरेको थियो । उक्त सम्मेलनका क्रममा सरकारले लगानीसम्बन्धी नीतिगत सुधार तथा कानुन परिमार्जन गरेको प्रत्याभूति लगानीकर्तालाई दिलाउन भन्दै अध्यादेशमार्फत विधेयक ल्याएको थियो ।

विधेयकमार्फत 'स्टार्टअप' उद्योगको दर्ता, विदेशी लगानी तथा प्रविधि हस्तान्तरणमा स्पष्टता, उद्योगको सञ्चालन म्याद थपसम्बन्धी व्यवस्था, करारमा वस्तु उत्पादन गर्ने विषयलगायत व्यवस्था गरिएको छ ।

विशेष आर्थिक क्षेत्रका उद्योगले पाउने सहुलियत वृद्धि, वन क्षेत्रमा प्राथमिकताप्राप्त उद्योग स्थापना गर्न सहज बनाउने विषय विधेयकमा समावेश गरिएको छ । सरकारको स्वीकृति लिई खरिद गरेको हदबन्दीभन्दा बढीको जग्गाको ५० प्रतिशतसम्म उद्योगको क्षमता वृद्धि गर्ने धितो राख्न पाउने व्यवस्था पनि विधेयकमा गरिएको छ ।

देशमा लगानीको वातावरण बनाउन सरकारले यो विधेयकमार्फत सरकारले औद्योगिक व्यवसाय ऐन, २०७६,

> सांसद सुशीला श्रेष्ठले उदयपुरलगायत देशभर बाढीपहिराका कारण प्रभावित नागरिकको व्यवस्थापनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो । जलवायु परिवर्तनको असर निरन्तरको वर्षामा देखिएको उल्लेख गर्दै उहाँले सुरक्षित बस्ती निर्माणमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

भूमिसम्बन्धी ऐन २०२१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, जग्गाप्राप्ति ऐन, २०३४, विशेष आर्थिक क्षेत्र ऐन, २०७३, सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ र वन ऐन, २०७६ मा संशोधन गरेको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले 'राष्ट्रिय समावेशी आयोगको पाँचौं वार्षिक प्रतिवेदन आव २०७९/८०' पनि पेस गर्नुभएको छ ।

प्राकृतिक विपद्मा परेकालाई उद्धार, राहतको प्रबन्ध गर्न माग

प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदहरुले प्राकृतिक विपद्का कारण समस्यामा परेका नागरिकलाई तत्काल राहतको प्रबन्ध गर्न सरकारको ध्यानाकर्षण गराउनुएको छ । प्रतिनिधिसभाको विशेष समयमा बोल्ने अधिकांश सांसदले जनताका समस्या समाधानमा केन्द्रित हुनुपर्ने राजनीतिक दलहरु सरकार परिवर्तनमा मात्रै केन्द्रित हुँदा निराशा बढेको बताउनुभयो ।

सांसद रोशन कार्कीले अनियमितता नियन्त्रणको विषयलाई 'बार्गेनिङ'को साधन नबनाउन आग्रह गर्नुभयो । उहाँले विपद् प्रभावितलाई राहतको प्रबन्ध गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद अमरबहादुर थापाले छोटो समयमा सरकार परिवर्तन गर्ने, एकलेअर्कोलाई घोचपेच गर्ने प्रवृत्तिप्रति चिन्ता व्यक्त गर्नुभयो । मुलुकलाई आर्थिक समृद्धिको दिशामा अगाडि बढाउनेतर्फ लाग्नुपर्नेमा सरकार परिवर्तनको सोच गलत भएको धारणा व्यक्त गर्नुभयो ।

सांसद सुशीला श्रेष्ठले उदयपुरलगायत देशभर बाढीपहिराका कारण प्रभावित नागरिकको व्यवस्थापनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो । जलवायु परिवर्तनको असर निरन्तरको वर्षामा देखिएको उल्लेख गर्दै उहाँले सुरक्षित बस्ती निर्माणमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । सांसद अब्दुल खानले सरकार परिवर्तनका सम्बन्धमा जोडिएका संविधानका धारामा पटकपटक चर्चा भए पनि मौलिक हक र कर्तव्यका बारेमा कहिल्यै चर्चा नभएको गुनासो गर्नुभयो । उहाँले मुद्रास्फीति घटाउनेतर्फ विशेष ध्यान दिन, आर्थिक असमानता घटाउने उपायाको खोजी गर्न आवश्यक भएको बताउनुभयो । सांसद रामप्रकाश चौधरीले सुन तस्करीका आरोपीलाई सजाय छुट दिइएकामा आपत्ति जनाउनुभयो । सांसद प्रभु साहले हुण्डी कारोबारका कारण मुलुक तहसनहस भएको, भ्रष्टाचार मौलाएको, अपराधका घटनामा वृद्धि भएको, लागुऔषधको कारोबारसमेत वृद्धि भएको पाइएकाले त्यसलाई नियन्त्रण गर्न माग गर्नुभयो । उच्च सरकारी ओहोदा तथा राजनीतिक नेतृत्वमा रहेका पनि हुण्डी कारोबारमा संलग्न पाइए पनि तिनलाई कारबाही गर्नेतर्फ ध्यान नदिइएको उहाँले टिप्पणी गर्नुभयो ।

सांसद कुसुमदेवी थापाले बाढीपहिरामा परी ज्यान गुमाउनेहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्दै प्रभाीवितलाई उद्धार र राहतको प्रबन्ध गर्न माग गर्नुभयो । सांसद मनबहादुर गुरुङले पनि मनसुनजन्य विपद्का कारण जनधनको क्षति भएको प्रसङ्ग उठाउँदै प्रभावितलाई राहत सामग्रीको प्रबन्ध गर्ने दायित्व सरकारको हो भन्नुभयो । सांसद प्रेम सुवालले नेपाली कांग्रेस र नेकपा(एमाले)का बीचमा भएको भनिएको सहमति आम जनतालाई जानकारी दिन आग्रह गर्नुभयो ।

सांसद राजेन्द्र बजगाईले मनसुनका कारण गोरखाका विभिन्न क्षेत्रका पुलपुलेसा बगाएको, जनजीवन प्रभावित भएको, भूक्षय भएको जानकारी दिँदै समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले बस्ती स्थानान्तरण र एकीकृत बस्ती बसाउने सन्दर्भमा ध्यान दिन नसकिएकाले समस्या बल्झँदै गएको बताउनुभयो । प्रतिनिधिसभाको अर्को बैठक यही असार २५ गते मङ्गलबार बिहान ११ बजे बस्नेछ ।रासस

# संसद्मा गीतबाट सवाल–जवाफ

काठमाण्डु । नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच यही असार १७ गते नयाँ सहमति भएपछि राष्ट्रिय सरकार निर्माण गर्ने तयारीसँगै मुलुकको राजनीति तरङ्गीत बनेको छ । उक्त सहमतिलगत्तै सत्तासाझेदार एमालेले वर्तमान सरकारलाई दिएको समर्थन फिर्ता लिएर प्रतिपक्षी बेञ्चमा बसेको छ ।



एमालेले आफ्ना मन्त्रीहरुको राजीनामा बुझाउन प्रधानमन्त्री निवास बालुवाटार जाँदा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले गायक फत्तेमानराज भण्डारीको एउटा गीतको हरफ एमालेका मन्त्रीहरुलाई सुनाउनुभएको थियो । 'यस्तो पनि हुँदो रैछ जिन्दगीमा...!' सोही प्रसङ्ग उल्लेख गर्दै एमालेका प्रमुख सचेतक महेशकुमार बर्तौलाले प्रतिनिधिसभाको आजको बैठकमा जवाफी गीत सुनाउनुभयो ।

बैठकको विशेष समयमा प्रमुख सचेतक बर्तौलाले वर्तमान सरकारलाई नेकपा एमालेले दिएको समर्थन फिर्ता लिएको सन्देश लिएर मन्त्रीहरुले राजीनामा बुझाउने क्रममा प्रधानमन्त्रीले फत्तेमानराज भण्डारीको गीत सुनाउनुभएको स्मरण गराउँदै जवाफमा गायिका अञ्जु पन्तको ' तिमिले पराई ठानेपछि, पराई हुन के भयो र तिम्रो मेरो बीचको नाता हुनुपर्ने के रह्यो र ...!' गीत सुनाउनुभयो ।

प्रतिनिधिसभाको आइतबार र सोमबार भएको बैठकमा सांसदहरुले गीतमार्फत विम्ब प्रहार गरिरहेका छन् । आइतबारको बैठकमा सांसद सुनील शर्माले गायक रामकृष्ण ढकालको गीत 'छल गर्यो मायाले...सबैको देख्छु हासो र खुसी शिखरको बाटोमा आफूत...! गाउनुभएको थियो । बैठकमा सांसदहरुले दलीय प्रतिनिधित्व गर्दै एक अर्कालाई साङ्गीतिक झटारो प्रहार गरिरहेका छन् ।

विशेष समयमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद पूर्णबहादुर घर्तीले गायिका कुन्ति मोक्तानको 'कति जल्छौं आरिसले अझै जल्दै गर, मत हिँड्छु मेरै बाटो खुट्टा तान्दैगर' सुनाउनुभयो । उहाँले बैठकमा गीतको बिम्ब प्रस्तुत गरिएकाले आफूलाई पनि गीतको हरफ आएको भन्दै राजनीतिमा सरकार फेरबदल भइरहनु सामान्य कुरा भएको बताउनुभयो । उहाँले यसलाई कुनै पनि राजनीतिक दलले अन्यथा लिन नहुने धारणा राख्नुभयो ।राष्ट्रिय सहमति गर्ने विषयलाई पार्टीले सदैव सकारात्मक रुपमा लिएको भन्दै संविधान निर्माणदेखि पछिल्ला सरकार गठनमा पनि सहकार्य र सहमति गर्दै अघि बढेको सांसद घर्तीले बताउनुभयो । उहाँले संविधान संशोधनका लागि राष्ट्रिय सहमति गरेर अगाडि बढ्न सकिने धारणा राख्नुभयो ।

प्रधानमन्त्रीले राजीनामा दिएर मार्ग प्रशस्त गर्नुपर्छ

एमालेका प्रमुख सचेतक बर्तौलाले एमालेले राष्ट्रिय सहमतिको सरकार निर्माण गर्नुपर्ने विचार राख्दै आएको बताउँदै कांग्रेससँग उक्त विषयमा विचार मिलेकाले सरकारबाट बाहिरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "संसद्का दुई ठूला दल मिलेर मुलुकको वर्तमान सङ्कटलाई निकासा दिन राष्ट्रिय सरकार निर्माणको आकाङ्क्षा बोकेर समझदारी गरेका हौं ।"

प्रमुख सचेतक बर्तौलाले सरकार अल्पमतमा परिसकेकाले वर्तमान प्रधानमन्त्रीले तत्काल राजीनामा दिएर मार्ग प्रशस्त गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले संविधानको धारा ७६ (२) बमोजिम नयाँ सरकार गठन हुने बताउनुभयो । सांसद बर्तौलाले संसद्मा दुई पार्टीबीचको सहमतिबारे विभिन्न टीकाटिप्पणी भइरहेको भन्दै कांग्रेस र एमालेले मुलुकमा विद्यमान समस्या समाधानको सङ्कल्पगरी सहकार्य गर्न लागेकाले यसमा सबैले सहयोग गर्नुपर्ने बताउनुभयो । उहाँले अङ्कगणितीय हिसाबले नभई राष्ट्रिय सहमतिबाट संविधान संशोधन गरेर विद्यमान समस्या समाधानमा सम्बोधन गरिने बताउनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद मनिष झाले संविधानको प्रावधानअनुसार नै सरकार गठन प्रक्रिया अगाडि बढाउन राजनीतिक दललाई आग्रह गर्नुभयो । उहाँले संवैधानिक व्यवस्थाअनुरुप वर्तमान सरकारले आफ्नो समय उपयोग गरेको जिकिर गर्नुभयो । सांसद झाले संविधान र संसदीय प्रणालीको अभ्यास सबै दलले गर्नुपर्नेमा जोड दिँदै अहिलेको सङ्कटलाई समाधान गर्न सबै गम्भीर हुनुपर्ने धारणा राख्नुभयो ।रासस

# पदोन्नति नपाएका राष्ट्रसेवक मन्त्रालयको मुलद्वारमा लुडो खेलेर दुई घण्टा बिताउँदै

काठमाण्डु । असार बित्न एक साता बाँकी छ, किसान होस् वा कर्मचारी, कामको चटारो छ सबैलाई । तर, मुलुकको सङ्घीय राजधानी सिंहदरबारस्थित कृषि तथा पशुपक्षी मन्त्रालयको मूलद्वारमा भने केही राष्ट्रसेवक दैनिक दुई घन्टा लुडो खेल्दै धर्ना दिइरहेका छन् । उनीहरू एकै श्वरमा भन्छन्, "विसं २०७५ मा कर्मचारी समायोजन गरिँदा केन्द्रमा क्षमताभन्दा बढी कर्मचारी राखियो, जसले हाम्रो पदोन्नति र वृत्ति विकास भएन ।"



सिंहदरबार परिसर आन्दोलन र धर्ना निषेधित क्षेत्र भए पनि मन्त्रालयकै प्रवेशद्वारमा नौ दिनदेखि निरन्तर धर्ना र 'घरपास-नागपास' चलिरहेको छ ।

त्यहाँ धर्ना दिइरहेका कर्मचारी दैनिक दुई घन्टा यसरी नै समय कटाइरहेका छन् । कृषिप्रधान मुलुकमा असार मानो रोपेर मुरी उब्जाउन व्यस्त रहने तथा कर्मचारी वर्षभरको कामको हरहिसाब समीक्षामा खटिनुपर्ने समय हो ।

राष्ट्रिय बाली संरक्षण अधिकृत तोयानाथ जोशी भन्नहुन्छ, " सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कर्मचारी समायोजनमा केन्द्रमा क्षमताभन्दा बढी कर्मचारी राखेका कारण आठ वर्षदेखि हाम्रो बढुवालगायत वृत्ति विकास रोकिएको छ, न पद छ, न कुर्सी नै, हामी अहिले म्यादी प्रहरी जस्ता छौं ।" समायोजनमा चाहिनेभन्दा बढी सङ्ख्यामा केन्द्रमा कर्मचारी राखिएका कारण वृत्ति विकासमा समस्या भएको जनाउँदै धर्नारत कर्मचारीले दरबन्दी प्राप्तिका लागि धेरै पटक ताकेता गर्दा पनि सुनुवाइ नभएपछि बाध्य भएर आन्दोलनमा उत्रनुपरेको प्रतिक्रिया दिए ।

लामो समयदेखि जिम्मेवारीविहीन अस्थायी पुलमा रहन परेकामा दुखेसो पोख्दै उनीहरूले सर्वोच्च अदालतबाट भएको फैसला कार्यान्वयन नभएकामा आश्चर्य प्रकट गरे । जोशी भन्नुहुन्छ, "हाम्रो माग र चासोबारे अदालतबाट परमादेश भएको दुई वर्ष भइसक्यो, अझै कार्यान्वयन भएन । अदालतको आदेश पालना नभएपछि मानहानिको मुद्दा पनि दायर गरिएको छ ।"

कर्मचारी समायोजन गर्ने विगतको सामान्य प्रशासनको निर्णयबाट कृषि मन्त्रालयमातहत कार्यरत शाखा अधिकृतस्तरका एक सयभन्दा बढी कर्मचारी प्रभावित भएको उनीहरू बताउँछन् ।

यद्यपि बिहान १० देखि मध्याह्न १२ बजेसम्म दैनिक निरन्तर धर्नामा रहेका ती कर्मचारीको माग सम्बोधन गर्नेबारे सरकार सकारात्मक रहेको कृषि तथा पशुपक्षी मन्त्रालयका प्रवक्ता हरिबहादुर केसीले बताउनुभयो । कर्मचारीका समस्या समाधान गर्न अर्थ मन्त्रालयमा प्रस्ताव पुगिसकेको तथा चालु आर्थिक वर्षमा उनीहरूका माग सम्बोधन हुनेमा आफू विश्वस्त रहेको बताउनुभयो । रासस

# "पीडितमैत्री सङ्क्रमणकालीन न्यायका लागि सरकारलाई जिम्मेवार बनाउन एकजुट हुनुपर्छ"

काठमाण्डु । पीडितमैत्री सङ्क्रमणकालीन न्यायका लागि सरकारलाई जिम्मेवार बनाउन सबै पक्ष एकजुट हुनुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन् ।

राष्ट्रिय मानव अधिकार आयोगले 'राष्ट्रिय मानव अधिकार आयोग र सङ्क्रमणकालीन न्याय' सम्बन्धी प्रतिवेदन सार्वजनिक गर्न सोमबार आयोजित पत्रकार सम्मेलनमा वक्ताहरूले पीडितमैत्री र पीडकलाई सजाय हुने गरी ऐन, कानुन निर्माण गर्न सरकारलाई जिम्मेवार बनाउन लाग्नुपर्नेमा जोड दिएका हुन् । शान्ति प्रक्रिया सुरू भएको २० वर्ष पुग्न लाग्दासमेत सङ्क्रमणकालीन न्यायसँग जोडिएका विषयहरू टुङ्गोमा नपुग्नु गम्भीर समस्या हो भन्दै वक्ताहरूले शान्ति प्रक्रियाका बाँकी काम सम्पन्न गर्दै पीडितमैत्री ऐन, कानुन निर्माण र कार्यान्वयन गर्न, गराउन मानवअधिकारकर्मी, पत्रकार, नागरिक समाजलगायत सबै एकजुट हुनुपर्ने धारणा राखे ।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले सङ्क्रमणकालीन न्यायका लागि पटकपटक ध्यानाकर्षण र सुझावहरु दिँदासमेत सरकारले कार्यान्वयन नगरेको बताउनुभयो । "सङ्क्रमणकालीन मुद्दाहरूको न्यायिक निरूपणका लागि हामीले १२ बुँदे धारणा राखिसकेका छौं, हाम्रो फैसला र सिफारिस कार्यान्वयन हुनुपर्छ भनेर सरकारलाई भनिरहेका छौं । सत्यतथ्य पत्ता लगाउने र न्याय निरूपणका लागि गठित समितिले विधिवत् रूपमा काम गर्न सक्नेगरी ऐन आउनुपर्छ, सबै कुराको मूल्याङ्कन गरेर सहमतिमै टुङ्गोमा पुग्नुपर्छ भन्ने आयोगको मान्यता रहेको छ", अध्यक्ष मगरले भन्नुभयो ।

आयोगका सदस्य डा सूर्यप्रसाद शर्मा ढुङ्गेलले द्वन्द्वका बेलामा भएका ज्यादतीको दस्तावेजीकरण गर्ने काम हुनुपर्छ भन्नुहुँदै सङ्क्रमणकालीन न्यायका लागि मानव अधिकार आयोगले पत्रकारिता क्षेत्रबाट थप सहकार्यको अपेक्षा गरिएको बताउनुभयो । "न्याय निरूपणका सन्दर्भमा राज्यले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्छ र त्यसमा मिडियाले राज्यलाई जिम्मेवार बनाउन ध्यानदिन आवश्यक छ । अरू देशको अवस्था हेरेर हामीलाई सन्तुष्ट हुने छुट छैन", उहाँले भन्नुभयो,"त्यसैले पीडित, नागरिक समाज र अधिकारकर्मी एकजुट भएर लाग्नुपर्छ । हामीले हाम्रो अवस्थालाई दृष्टिगत गरेर काम गर्नुपर्छ, पीडित लक्षित गरेर समस्या समाधान गरेर सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउन आवश्यक छ ।" सरकारले प्रतिवद्धता जाहेर गर्ने तर कार्यान्वयनमा नजाने समस्या छ भन्नुहुँदै डा ढुङ्गेलले यसका लागि मिडियाले दबाब दिन आवश्यक रहेको धारणा राख्नुभयो । सही मनसायका साथ कानुन नबनेसम्म आयोगले मात्रै केही गर्न नसक्ने भएकाले यसका लागि सकारात्मक पहलकदमी जरूरी रहेको उहाँको भनाइ थियो ।

आयोगका पूर्वसदस्य सुशील प्याकुरेलले शान्ति प्रक्रियाका बाँकी काम सम्पन्न गर्न न्यायिक प्रक्रियामा न्याय चाहिएको पक्षको सहभागिता अपरिहार्य रहेको धारणा राख्नुभयो ।रासस

# फ्रान्सको आम निर्वाचनमा बामपन्थी गठबन्धनको अग्रता

एएफपी

पेरिस । फ्रान्सको संसदीय चुनावमा बामपन्थीहरूले अग्रता लिइरहेको प्रारम्भिक मतगणनाले देखाएको छ । सबै अपेक्षाविपरीत पेरिसमा बामपन्थी कार्यकर्ताहरूको ठूलो भीड भेला भई मतगणनाको अन्तिम परिणामको पर्खाइमा रहेको छ ।

प्रारम्भिक अनुमानअनुसार वाम गठबन्धनले १७७ देखि १९८ सिट अग्रता लिएको छ भने राष्ट्रपति इमानुएल म्याक्रौँको मध्यमार्गी गठबन्धन १५२ देखि १६९ सिट र आरएनको १३५ देखि १४५ सिटमा अगाडि छ ।राजधानीको स्टालिनग्राद स्क्वायरमा वामपन्थी फ्रान्स अनबोड (एलएफआई) पार्टीको भेलामा सहभागी दर्शनशास्त्रकी छात्रा मेरी डेलिलले भन्नुभयो, "म साँच्चै खुसी छु, यहाँ अकल्पनीय ऊर्जा मिलेको छ र मेरो मन चिसो भइरहेको छ ।"

"प्रारम्भिक नतिजा राम्रो भएको महसुस भइरहेको छ तर हामी अझै पनि अन्तिम नतिजाको पर्खाइमा छौं," उहाँले भन्नुभयो ।

धेरै फ्रान्सेली मतदाताहरूले आप्रवासन विरोधी, यूरोपेली सङ्घप्रति आलोचनात्मक धारणा राख्ने (युरोसेप्टिक) नेशनल र्‍याली (आरएन) पार्टीले संसदको सबैभन्दा ठूलो भाग कब्जा गर्ने डर व्यक्त गरेका थिए ।यातायात क्षेत्रमा काम गर्ने एलएफआईका कार्यकर्ता दलिल डियाबले भन्नुभयो, "हामी राहत महसुस गरिरहेका छौं । बामपन्थी गठबन्धनको जीत र फ्रान्सको भविष्यको लागि धेरै आशा पलाएको छ ।"




इतिहासका विद्यार्थी ह्युगो चेभ्याली आरएनले प्राप्त गरेको सीटको ठूलो हिस्सालाई सङ्केत गर्दै र आफ्नो उत्साहलाई व्यक्त गर्दै भन्नुभयो, "यो एक जीत हो, तर यो सापेक्ष विजय हो ।" हामीले निरन्तर सङ्घर्ष जारी राख्नुपर्छ । यो समाप्त भएको छैन । तर यो नतिजाले अलिकति राहत मिलेको छ । केही दिन पहिलेसम्म हामीले यस्तो अपेक्षा गरेका थिएनौँ ।

बामपन्थी न्यू पपुलर फ्रन्टका सयौं समर्थकहरु पनि राजधानीको रिपब्लिक स्क्वायरमा उत्सव मनाउन भेला भएका थिए ।

"हामीले जितेका छौं । यो हाम्रो जीत हो," भीडका सदस्यहरूले निलो, सेतो र रातो फ्रान्सको झण्डा बोकेर ' फ्रान्स आप्रबासनबाट विकसित भएको हो' लेखिएको नारा लगाएका थिए ।एक सहभागीले बोकेका प्लेकार्डमा बामपन्थीको बहुमतलाई सङ्केत गर्दै लेखिएको थियो, "यो जीत आरएनको होइन, , म्याक्रौँको पनि होइन ।" गत जुन ९ मा भएको युरोपेली चुनावमा आरएनले आफ्नो मध्यमार्गी गठबन्धनलाई पराजित गरेपछि म्याक्रौँले निर्वाचन घोषणा गर्दै राजनीतिक जोखिम मोल्नुभएको थियो । तीन पटक राष्ट्रपति पदका उम्मेदवार बनेका मारिन ले पेनले आफ्नो आरएन पार्टीले राष्ट्रिय चुनावमा पूर्ण बहुमत हासिल गर्ने र सरकार समेत बनाउने आशा व्यक्त गर्नुभएको थियो, तर अधिकांश जिल्लामा आरएन विरोधी एक जना मात्र उम्मेदवार भएको सुनिश्चित गर्न वाम र केन्द्र एकसाथ भेला भएपछि त्यो सपना चकनाचुर भयो ।पेरिसको अर्को एक चोकमा आरएनको लागि वातावरण निराशपूर्ण देखिन्थ्यो ।

> गत जुन ९ मा भएको युरोपेली चुनावमा आरएनले आफ्नो मध्यमार्गी गठबन्धनलाई पराजित गरेपछि म्याक्रौँले निर्वाचन घोषणा गर्दै राजनीतिक जोखिम मोल्नुभएको थियो ।

त्यहाँ भेला भएका आफ्ना समर्थकलाई सम्बोधन गर्दै नेता जोर्डन बर्डेलाले राष्ट्रपतिको पार्टीलाई 'निर्वाचन प्रणालीलाई' गलहत्ताएर अपवित्र गठबन्धन गरेको आरोप लगाउनुभयो ।

**आरएन समर्थकको आक्रोस**

समूहमा रहेका ६४ वर्षीया नर्स ओलिभर मोन्डेट यति धेरै मानिसहरूले अति दक्षिणपन्थी समूह (आरएन) को विरुद्धमा मतदान गरेपछि आक्रोस पोख्दै भन्नुभयो, "उनीहरूले फ्रान्सेली जनतालाई पूरानो कुरा लुकाएका छन् तिनीहरूले यो सबै बिर्सिएका छन् ।

त्यसैगरी, ३२ वर्षीया सेसिलिया जेन्नाडले परिणमबाट आफू निराश भएको बताउनुभयो । उहाँले भन्नुभयो, "मानिसहरूले वर्षौंदेखि आरएनलाई खलनायकको रूपमा प्रस्तुत गर्दै आएका छन् । आगामी दिनमा बामपन्थी 'अतिवादी' ले जनताको डरमाथि खेल्नेछ ।" तर अब आफ्नो ध्यान सन् २०२६ मा हुने स्थानीय तहको निर्वाचनको प्रतिक्षामा हुने उहाँले बताउनुभयो । हामी हार मान्ने छैनौँ । निरन्तर देश र राष्ट्रियताको लागि सङ्घर्ष गर्नेछौ ।"

कार्यक्रमका लागि सुट र टाईमा सजिएका युवा पार्टी अनुयायीहरूमध्ये इतिहासका विद्यार्थी नोआ लुडोन पनि यो निर्वाचनमा जे भए पनि नतिजा राम्रो हुनेमा आशावादी देखिनुहुन्थ्यो । उहाँले भन्नुभयो, "आरएन एक उच्च गतिको रेल हो । हाम्रा मतदाता बढ्दै गएका छन् । अगामी दिनमा बिजय सुनिश्चित छ ।"

# रूसद्वारा युक्रेनी बाल अस्पतालमा आक्रमण, २० भन्दा बढी व्यक्तिको मृत्यु



© RSS

एएफपी

किएभ । रूसी क्षेप्यास्त्र युक्रेनको राजधानीस्थित एक बाल अस्पतालमा ठोक्किएको छ । उक्त आक्रमणबाट कम्तीमा २० जनाको मृत्यु भएको छ ।

त्यसैगरी, मध्य युक्रेनी शहर क्राइभी रिहमा भएको आक्रमणमा १० जनाको मृत्यु भएको र ३१ जना घाइते भएको नगर प्रशासनका प्रमुख ओलेक्ज्यान्डर विल्कुलले बताउनुभयो ।

केही महिनायता किएभमा भएको यो सबैभन्दा ठूलो बमबारी थियो । युक्रेनी वायु सेनाका अनुसार दिनदहाडै गरिएको आक्रमणमा रूसको सबैभन्दा अत्याधुनिक हतियारमध्ये एक किन्झाल हाइपरसोनिक क्षेप्यास्त्र पनि प्रयोग भएको अधिकारीहरूले बताउनुभएको छ। किन्झाल तीव्र गतिमा अर्थात् ध्वनिको १० गुणा बढी गतिमा उड्ने भएकोले यसलाई रोक्न गाह्रो हुन्छ । विस्फोटका कारण शहरका भवनहरू हल्लिएका थिए ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूसले विभिन्न प्रकारका ४० भन्दा बढी क्षेप्यास्त्र प्रहार गरेर अपार्टमेन्ट भवन र सार्वजनिक संरचनामा प्रहार गरेको बताउनुभएको छ । किएभ शहर प्रशासनले केही क्षेत्रमा क्षेप्यास्त्रबाट खसेको भग्नावशेष खसेको र आगो लाग्न थालेको जनाएको छ । किएभका धेरै इलाकाहरूबाट धुवाँको बाक्लो मुस्लो उठेको थियो ।युक्रेनको राष्ट्रपति कार्यालयका प्रमुख एन्ड्री यर्मलले शहरका सडकमा धेरै मानिस भेला भइरहेका बेला आक्रमण भएको बताएका छन् ।

कीभका मेयर भिटाली क्लिट्स्कोले आक्रमणको परिणामबारे आधिकारिक आँकलन भइरहेको बताउनुभएको छ । युक्रेनको मध्य निप्रोपेत्रोभ्स्क क्षेत्रमा पनि स्थानीय अधिकारीहरूले विस्फोटको खबर दिएका छन् ।

युक्रेनलाई गठबन्धनको अटुट समर्थनबारे कसरी आश्वस्त पार्ने र दोस्रो विश्वयुद्धपछिको युरोपको सबैभन्दा ठूलो द्वन्द्वबाट युक्रेन कसरी गुज्रन सक्छ भन्ने आशा जगाउने उद्देश्यका साथ वासिङ्टनमा हुने नेटोको तीन दिने शिखर सम्मेलनको पूर्वसन्ध्यामा यो आक्रमण भएको हो ।

# चिनियाँ राष्ट्रपति सी र हङ्गेरीका प्रधानमन्त्री ओर्बानवीच युक्रेन सङ्कटबारे छलफल

सिन्ह्वा

बेइजिङ । चिनियाँ राष्ट्रपति सी जिनपिङले सोमबार बेइजिङमा हङ्गेरीका प्रधानमन्त्री भिक्टर ओर्बानसँग भेटवार्ता गर्नुभएको छ । वार्तामा नेताद्वयले युक्रेन सङ्कटबारे विचार आदानप्रदान गरेका छन् ।



हङ्गेरिका प्रधानमन्त्री ओर्बानले चिनियाँ नेता सीलाई युक्रेन र रूसको हालैको भ्रमणको बारेमा जानकारी दिनुभएको र राष्ट्रपति सीले युक्रेन सङ्टको राजनीतिक समाधानलाई बढावा दिन ओबानले गरेको प्रयासको प्रशंसा गर्नुभएको छ ।

चीनका राष्ट्रपति सीले प्रारम्भिक युद्धविराम र राजनीतिक समाधान सबै पक्षको हितमा रहेको कुरामा जोड दिँदै युद्ध विस्तार नगर्ने, लडाइँमा वृद्धि नगर्ने र कुनै पनि पक्षले युद्ध रोक्न नचाहेको अवस्थामा यस्ता सिद्धान्त पालना गरेर परिस्थितिलाई शान्त पार्नु प्राथमिकता रहेको बताउनुभयो । उहाँले अन्तर्राष्ट्रिय समुदायलाई परिस्थिति सिर्जना गर्न र दुई पक्षबीच प्रत्यक्ष संवाद र वार्ताको पुनः प्रारम्भका लागि समर्थन प्रदान गर्न आह्वान गर्दै सबै प्रमुख देशहरूले नकारात्मक उर्जाको सट्टा सकारात्मक ऊर्जा दिए मात्र सकेसम्म चाँडो युद्धविराम हुनसक्ने उल्लेख गर्नुभयो ।

चीनले आफ्नै तरिकाले शान्ति वार्तालाई सक्रिय रूपमा प्रवर्द्धन गर्दै आएको र सङ्कटको शान्तिपूर्ण समाधानका लागि अनुकूल सबै प्रयासहरूलाई प्रोत्साहित र समर्थन गर्दै आएको राष्ट्रपति सीले उल्लेख गर्नुभयो ।चीन र हङ्गेरीको आधारभूत प्रस्ताव र उनीहरूको प्रयासको दिशा एउटै भएको र चीन हङ्गेरी र सबै सम्बन्धित पक्षहरू सम्पर्कमा रहन इच्छुक रहेको उहाँले बताउनुभयो ।

# तलब वृद्धिको माग गर्दै सामसुङका कर्मचारी तीन दिने हडतालमा

एएफपी

ह्वासियोङ । दक्षिण कोरियाली विशाल प्रबिधि कम्पनी सामसुङका कर्मचारीहरूले तलब वृद्धि र अन्य सुविधाको विषयमा सोमबारदेखि तीन दिने आमहडताल सुरु गरेका छन् ।

सियोलबाट एक घण्टा दक्षिणमा रहेको ग्योङगीको ह्वासेओङमा रहेको कम्पनीको फाउण्ड्री र सेमीकन्डक्टर फ्याक्ट्रीबाहिर हजारौं मजदुरहरू बर्षादी र रिबन लगाएर भेला भएका दशौं हजार कर्मचारीहरूको प्रतिनिधित्व गर्ने एक युनियनका प्रमुखले एएफपीलाई बताउनुभयो ।सामसुङ इलेक्ट्रोनिक्स विश्वको सबैभन्दा ठूलो मेमोरी चिप निर्माता हो र यसले चिप्सको विश्वव्यापी उत्पादनको महत्त्वपूर्ण हिस्सा ओगटेको छ ।




सामसुङ व्यवस्थापनले जनवरीदेखि युनियनसँगको वार्तालाई रोकेको छ । दुबै पक्ष मतभेदलाई कम गर्न असफल भएका छन् । फर्मबाट ५.१ प्रतिशत तलब वृद्धि प्रस्ताव अस्वीकार गरिएको छ ।नेशनल सामसुङ इलेक्ट्रोनिक्स युनियनका प्रमुख सन वू मोकले एएफपीसँग भन्नुभयो, "आजदेखि हडताल सुरु भएको छ । आजको आमहडताल त सुरुवात मात्र हो ।""हामी यहाँ किन छौं भनेर सम्झँदै, कृपया जुलाई १० सम्म काममा नआउनुहोस् र कुनै पनि व्यावसायिक कलहरू रिसिभ नगर्नुहोस्," उहाँले कामदारहरूको भीडलाई सम्बोधन गर्दै भन्नुभयो ।

युनियनले कारखाना, उत्पादन र विकास क्षेत्रका करिब पाँच हजार २०० व्यक्ति विरोध प्रदर्शनमा सहभागी भएको जनाएको छ । युनियनका उपाध्यक्ष ली ह्युन कुकले भन्नुभयो, "के उनीहरूले यसले सामसुङको उत्पादन लाइनलाई असर पार्नेछ भनेर अझै पनि सोचेका छैनन् ?"करिब ३० हजार सदस्य रहेको युनियनले वार्ताबाट समस्याको समाधान हुन नसकेपछि गत हप्ता तीन दिने आम हड्तालको घोषणा गरेको थियो । श्रमिकहरूले मार्चमा ५.१ प्रतिशत तलब वृद्धिको प्रस्तावलाई अस्वीकार गरेका थिए, युनियनले पहिले वार्षिक बिदामा सुधार र पारदर्शी कार्यसम्पादनमा आधारित बोनससहितका मागहरू राखेको थियो ।

यससम्बन्धमा सामसुङले टिप्पणीको लागि गरिएको अनुरोध अस्वीकार गरेको छ । सेजोङ विश्वविद्यालयका बिजनेस प्रोफेसर किम डे-जोङले एएफपीसँग भन्नुभयो, "जारी हडताल तीन दिनका लागि मात्र तय गरिएको छ, तर सहभागी सदस्यहरूमा चिप एसेम्बली लाइनमा काम गर्नेहरू पनि सामेल छन् ।

"समस्या जारी रहेमा युनियनले थप हड्ताल गर्न सक्ने भएकाले प्रतिस्पर्धी चिप्स बजारमा प्रभुत्व जमाउने होडबाजीका बीच यसले सामसुङ व्यवस्थापनलाई ठूलो समस्या सिर्जना गर्नसक्छ ।

# बङ्लादेशकी प्रधानमन्त्री शेख हसिना चीन प्रस्थान

एएनआई

ढाका । बङ्लादेशकी प्रधानमन्त्री शेख हसिना चिनियाँ प्रधानमन्त्री ली किआङको निमन्त्रणामा चीनको चार दिने राजकीय भ्रमणमा बेइजिङका लागि ढाकाबाट सोमबार प्रस्थान गर्नुभएको छ ।

हसिनाको चीन भ्रमणले बङ्गलादेश र चीनबिचको 'रणनीतिक साझेदारी' लाई 'व्यापक रणनीतिक समन्वयात्मक साझेदारी' मा उकास्ने विश्वास गरिएको ढाका ट्रिब्यूनले जनाएको छ । चिनियाँ राष्ट्रपति सी जिनपिङले अक्टोबर २०१६ मा बङ्गलादेशको भ्रमण गर्नु भएको थियो । जसमा दुई देशले आफ्नो सम्बन्धलाई 'रणनीतिक साझेदारी' मा स्तरोन्नति गरेका थिए भने शेख हसिनाले अन्तिम पटक जुलाई २०१९ मा बेइजिङ भ्रमण गर्नुभएको थियो ।

बङ्गलादेशको दैनिक समाचारपत्र 'द डेली स्टार'का अनुसार हसिना र उहाँको टोलीलाई लिएर विमान बङ्गलादेश एयरलाइन्सको विशेष उडान सोमबार बिहान ११:०५ मा हजरत शाहजलाल अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रस्थान गरेको थियो ।चीन भ्रमणको क्रममा हसिनाले चिनियाँ राष्ट्रपति सी जिनपिङ र प्रधानमन्त्री ली किआङसँग छुट्टाछुट्टै बैठक गर्नुहुने छ भने दुई देशबिच व्यापार, व्यापार र लगानीका अवसरसम्बन्धी शिखर सम्मेलनमा भाग लिनुहुनेछ ।

ढाका र बेइजिङले २० वटा वा सोभन्दा बढी एमओयूमा हस्ताक्षर गर्ने र दुई पक्षबिचको द्विपक्षीय बैठकपछि केही विकास परियोजनाको उद्घाटन गर्ने सम्भावना रहेको डेली स्टारले जनाएको छ ।बङ्गलादेशले लगानी र व्यापार, आर्थिक सहायता र रोहिङ्ग्याहरूलाई उनीहरूको मातृभूमिमा फिर्ता गर्ने क्षेत्रमा चीनको सहयोग माग्ने योजना तय भएको, विदेश मन्त्री हसन महमुदले पत्रकार सम्मेलनमा जानकारी गराउनुभयो । रासस

# भारतका प्रधानमन्त्री मोदी रूस र अस्ट्रिया भ्रमणका लागि प्रस्थान

एएनआई

नयाँदिल्ली । प्रधानमन्त्री नरेन्द्र मोदी सोमबार दुई राष्ट्रको भ्रमणका लागि रूसको मस्को प्रस्थान गर्नुभएको छ । उहाँलाई राष्ट्रपति भ्लादिमिर पुटिनले २२ औं भारत-रूस वार्षिक शिखर सम्मेलनमा भाग लिन आमन्त्रित गर्नुभएको हो ।

भारतीय विदेश मन्त्रालयले सामाजिक सञ्जाल एक्समा प्रधानमन्त्री नरेन्द्र मोदी रूस र अस्ट्रियाको भ्रमणमा जानुभएको पुष्टि गरेको छ । मन्त्रालयका अनुसार भ्रमणको पहिलो चरणमा २२ औं भारत-रूस वार्षिक शिखर सम्मेलनमा सहभागितालगायत आवश्वक गतिबिधि बढाउने अवसरको साझेदारी बन्नेछ ।

रूसको भ्रमणपछि, प्रधानमन्त्री मोदी जुलाई ९ र १० मा अस्ट्रियाको ऐतिहासिक भ्रमणमा रहनुहुनेछ । यो भारतीय प्रधानमन्त्रीको ४१ वर्षपछिको अस्ट्रिया भ्रमण हो ।यसअघि एएनआईसँग कुरा गर्दै विदेशमन्त्री एस जयशङ्करले यो भ्रमण प्रधानमन्त्री मोदी र रुसी राष्ट्रपति पुटिनका लागि समयसापेक्ष तथा सम्बन्धबारे छलफल गर्ने ठूलो अवसर हुने बताउनुभएको थियो ।दुई राष्ट्रको वार्षिक शिखर सम्मेलनमा केही ढिलाइ भएता पनि परम्परागत र बलियो इतिहास भएकोले उहाँले वार्षिक शिखर सम्मेलनको आवश्यकतालाई महत्त्व दिएको बताउनुभयो ।

रूसका लागि भारतीय राजदूत विनय कुमारले प्रधानमन्त्री मोदीले सोमबार नै रूसी नेता पुटिनलाई भेट्ने बताउँदै यो भ्रमण निकै महत्त्वपूर्ण भएको बताउनुभयो । भारतीय राजदूतले कार्यक्रममा रूसी राष्ट्रपति पुटिनसँगको निजी बैठक, प्रतिनिधिमण्डल स्तरको वार्ता, रोसाटम प्याभिलियनमा रहेको प्रदर्शनी केन्द्र भ्रमण र विभिन्न सम्झौतामा हस्ताक्षर र आदानप्रदान गर्ने तयारी गरिरहेको उल्लेख गर्नुभयो ।



प्रधानमन्त्रीको रुस भ्रमणको विवरण सार्वजनिक गर्दै विदेश सचिव विनय क्वात्राले सन् २०२२ मा उज्बेकिस्तानको समरकन्दमा भएको अनौपचारिक भेटपछि दुवै नेताले धेरै पटक फोनमा कुरा गरेको बताउनुभयो । भारत र अस्ट्रियाले कूटनीतिक सम्बन्धको ७५ वर्ष पुगेको अवसरमा भएको प्रधानमन्त्री मोदीको अस्ट्रिया भ्रमणका अवसरमा उहाँले अस्ट्रियाका चान्सलर कार्ल नेहमरसँग दुई देशबीचको सम्बन्ध बलियो बनाउन र सहयोगका नयाँ आयामहरू खोजी गर्ने बिषयमा गहन छलफल गर्नुहुनेछ ।

# धौवादी क्षेत्रबाट फलाम उत्खनन् गरिने

काठमाण्डु । हाल भइरहेको फलाम आयात घटाउन सरकारले मुलुकमै फलाम उत्खनन गर्ने भएको छ।

खानी तथा भूगर्भ विभागले गण्डकी प्रदेशको नवलपरासी (पूर्व) मा पर्ने हुप्सेकोट गाउँपालिका-५ को पश्चिम नाम्जाकोटदेखि पूर्वी धौवादी क्षेत्रमा अध्ययन गर्दा फलाम रहेको तथ्य फेला परेपछि उत्खनन गर्ने भएको हो।अध्ययनका क्रममा धौवादीको १० किलोमिटर क्षेत्रमा ठूलो परिमाणमा फलाम खानी पत्ता लागेको थियो। विसं २०७६ भदौ ४ गते मन्त्रिपरिषद्ले निर्णय गरी 'धौवादी फलाम कम्पनी लिमिटेड' स्थापना गरिसकेको छ।



उक्त कम्पनी विसं २०७६ असोज ९ गते कम्पनी रजिष्ट्रार कार्यालयमा 'धौवादी फलाम कम्पनी लिमिटेड'को नाममा दर्ता भइ सोही वर्षको फागुनदेखि सञ्चालित छ। भारतको एम एण्ड दस्तुर, एस आर के र नेपालको जेड कम्पनीले आठ महिना लगाएर फलाम खानी बारे अध्ययन गरेको छ। उक्त अध्ययन प्रतिवेदनमा विसं २०८४ देखि फलाम उत्पादन गर्न सकिने उल्लेख छ। कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिईओ) डा जनकबहादुर चन्दले धौवादी फलाम खानीमा आधारित आइरन/स्टिल उद्योग स्थापनाका लागि विस्तृत सम्भाव्यता अध्ययन भई अन्तिम प्रतिवेदन प्राप्त भएको बताउनुभयो।

अध्ययनले आइरन/ स्टिल उत्पादन गर्न आर्थिक र प्राविधिक रूपमा सम्भव देखिएको उहाँको भनाइ छ। आगामी दिनमा माइनिङ सेस्मिक (उत्खनन गर्दा हुने कम्पन), वातावरणीय प्रभाव मूल्याङ्कन (इआईए) र विस्तृत परियोजना प्रतिवदेन तयार गरी उत्पादनतर्फ लागिने कम्पनीले जनाएको छ। डा चन्दका अनुसार उद्योग स्थापना भएसँगै दुई हजारदेखि दुईहजार पाँच सयले प्रत्यक्ष र २० देखि २५ हजार जनशक्तिले अप्रत्यक्ष रूपमा रोजगारी पाउनेछन् ।अध्ययनले परियोजनाको पुँजीगत लागत ५१ अर्ब २५ करोड लाग्ने प्रक्षेपण गरेको छ। उक्त लगानी असुल भइ कम्पनी नाफामा जान सात वर्ष लाग्ने प्रतिवेदनमा उल्लेख छ। कम्पनीले उद्योगको लागि पूर्वी नवलपरासीको कावासोती र देवचुली नगरपालिकाको लोकाहा क्षेत्रमा जग्गा प्राप्ति प्रक्रिया अघि बढाइसकेको छ।

धौवादी फलाम खानीबाट निकाल्न सकिने परिमाण र गुणस्तरका बारेमा सरकारले यसअघि चीनको सिचुआन इन्स्टिच्यूट अफ मेटालोजिकल जियोलोजी एन्ड एक्स्प्लोरेसन छेन्दुमा पाँच टन फलाम परीक्षणका लागि पठाएको थियो। चिनियाँ प्रयोगशालाले उक्त खानीमा औद्योगिक उत्पादन गर्न सकिने फलाम रहेको पुष्टि भएको जनाएको थियो।


सुरुमा ४५ प्रतिशत निजी र ५५ प्रतिशत सरकारले लगानी गर्ने तय भएपनि लगानीको ढाँचा टुङ्गो लागेको छैन। आइरन/स्टिल उत्पादन क्रममा उद्योगको डिआरआई (डाइरेक्ट रिड्युस आइरन) प्लान्टबाट करिब ७० मेगावाट विद्युत्समेत उत्पादन हुनेछ। धौवादी क्षेत्रमा फलाम उत्पादन भएमा २० देखि २५ प्रतिशत व्यापार घाटा प्रतिस्थापन गर्न सकिने कम्पनीले जनाएको छ।

उक्त क्षेत्रमा नौ करोड ९० लाख टन फलाम रहेकामा नौ करोड ६० लाख टनमात्र उत्खनन गर्न सकिने बताइएको छ। कम्पनीका अध्यक्ष एवम् खानी तथा भूगर्भ विभागका महानिर्देशक रामप्रसाद घिमिरेले खानी विभागले विसं २०६८ देखि फलाम खानीको अध्ययन गर्दै आएको बताउनुभयो। "नेपालमा रहेको फलाम खानीबाट फलाम उत्पादन गरी बिक्रीवितरण गर्न सके मुलुकको अर्थतन्त्रमा टेवा पुग्थ्यो", उहाँले भन्नुभयो।

महानिर्देशक घिमिरेले खानी तथा भूगर्भ विभागले देशभरका साना तथा ठूला खानीको अध्ययन अनुसन्धान गर्दै आएको बताउनुभयो। कम्पनी सञ्चालनमा आउँदा व्यापारघाटामा कमी, रोजगारी सिर्जना, फलामजन्य कच्चापदार्थको आयातमा कमी, पूर्वाधार औद्योगिक विकासमा टेवा पुग्ने विश्वास लिइएको छ।रासस

# मुलुकभर ३८ प्रतिशत रोपाइँ सम्पन्न

काठमाण्डु । समयमै वर्षा भएसँगै आइतबारसम्म मुलुकभर ३८ दशमलव ६ प्रतिशत रोपाइँ सम्पन्न भएको छ। यही असार २३ गतेसम्म सातै प्रदेशमा कूल पाँच लाख ३९ हजार सात सय ६६ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ।



सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा ५४ दशमलव २ प्रतिशत रोपाइँ भएको कृषि विभागका सूचना अधिकारी तिकलराज चौलागाईंले जानकारी दिनुभयो। सबैभन्दा कम मधेस प्रदेशमा २५ दशमलव ५ प्रतिशत रापाइँ भएको छ। आइतबारसम्म कोशी प्रदेशमा ३४ दशमलव ४ प्रतिशत, बागमती प्रदेशमा ४० दशमलव २ प्रतिशत, गण्डकी प्रदेशमा ४९ दशमलव ७ प्रतिशत, लुम्बिनी प्रदेशमा ४४ दशमलव ४ प्रतिशत र कर्णाली प्रदेशमा ४७ दशमलव ५ प्रतिशत रोपाइँ सम्पन्न भएको विभागको तथ्याङ्कमा उल्लेख छ।

**देशभर रोपाइँ हुने क्षेत्रफल कूल १३ लाख ९८ हजार दुई सय ७३ हेक्टर रहेको छ । सबैभन्दा धेरै मधेसमा तीन लाख ८३ हजार एक सय ५० हेक्टर क्षेत्रफल रहेको छ ।**

देशभर रोपाइँ हुने क्षेत्रफल कूल १३ लाख ९८ हजार दुई सय ७३ हेक्टर रहेको छ। सबैभन्दा धेरै मधेसमा तीन लाख ८३ हजार एक सय ५० हेक्टर क्षेत्रफल रहेको छ। सबैभन्दा कम कर्णाली प्रदेशमा ४१ हजार ९०४ क्षेत्रफल रहेको छ। अघिल्लो वर्ष असार २४ गतेसम्म देशभर ६ लाख ४२ हजार दुई सय ८४ हेक्टर क्षेत्रफल (४२.९ प्रतिशत) मा रोपाइँ सम्पन्न भएको थियो।

नेपालमा वार्षिक औसत ५७ लाख मेट्रिक टन धान उत्पादन हुने गरेको छ। माग ६२ लाख मेट्रिक टन रहेको छ। नेपालमा गत वर्ष अपेक्षाअनुसारको मात्रामा धान उत्पादन भएको र यस वर्ष पनि सोही अनुपातमा उत्पादन हुने सूचना अधिकारी चौलागाईले बताउनुभयो।

यस वर्षको मनसुन गत जेठ ३१ गतेदेखि नेपाल प्रवेश गरेको हो। यस वर्षको मनसुनमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ५५ प्रतिशत रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

नेपालमा सामान्यतया मनसुन अवधि सरदर जेठ १९ देखि असोज १४ गतेसम्म मानिन्छ। यद्यपि मनसुन भित्रिने र बाहिरिने अवधि केही दिन तलमाथि हुने गरेको छ। रासस

# एक अर्बको लगानीमा चितवनको लङ्कालाइनमा 'रिसोर्ट' सञ्चालन

चितवन । कालिका नगरपालिका-१ स्थित लङ्कालाइनमा रु एक अर्बभन्दा माथिको लगानीमा 'रिसोर्ट' सञ्चालनमा ल्याइएको छ। हिमाल, पहाड र तराइको रहनसहनअनुसारका परिकार पस्किने र संस्कृतिलाई जीवन्त झल्काउने गरी पर्यटन व्यवसायी लाक्पा ढुण्डुप लामाका अगुवाइमा हालै रिसोर्ट सञ्चालनमा आएको हो।



व्यवसायी लामाले गोरखाको विकट चुमनुब्री गाउँपालिकाको नामरुङमा पनि रिसोर्ट सञ्चालन गर्दै आउनुभएको छ। जहाँ बाह्य पर्यटक हेलिकप्टरमार्फत पुग्ने गर्दछन्। उहाँले भन्नुभयो, "लङ्कालाइनमा सञ्चालित रिसोर्टको विशेषता भनेकै हिमाल, पहाड र तराई सबै भूगोलका परिकार, रहनसहन र संस्कृतिलाई एकै स्थानमा पस्किने नै हो।" रिसोर्टका अर्का सञ्चालक सुशील चौधरीका अनुसार स्वस्थ रहन रिसोर्टका सबै कोठामा 'वेलनेस प्रविधि'समेत जडान गरिएका छन्। उहाँले भन्नुभयो, "रिसोर्टलाई प्रविधि र सेवा सुविधाका दृष्टिकोणले उत्कृष्ट बनाउने प्रयास गरिएको छ। सबै भौगोलिक क्षेत्रअनुसारका संस्कृति, रहनसहन, जनजीवन झल्काउने तीन भिल्ला रिसोर्टमा छन्। पौडीपोखरी भिल्लाभित्रै छन्। एउटा भिल्ला सञ्चालनमा आइसकेको छ। दुई सञ्चालनको अन्तिम तयारीमा छन्।"

उहाँका अनुसार दुई बिघा क्षेत्रफलमा फैलिएको सो रिसोर्टमा थारु सांस्कृति झल्किने आठ कोठा पनि छन्। रिसोर्टको व्यवस्थापकीय जिम्मेवारी मलेसियन नागरिक डोनाल्ड चले निर्वाह गरिरहनुभएको छ। उहाँले भन्नुभयो, "यो रिसोर्टलाई विश्वकै नमूना रिसोर्टमध्येको एक बनाउने प्रयासमा छौँ। संस्कृति, रहनसहन, जनजीवनअनुसारको परिकार त छँदै छ। यहाँभित्र पोलिक्लिनिकसमेत छाविश्वमाबनेकाआधुनिकउपकरणको प्रयोग गरेर एलोपेथी र नेचुरोपेथीको समिश्रणमार्फतउपचारकोव्यवस्थासमेत गरिएको छ।"

पर्यटन व्यवसायी लामा, चौधरी र राजेन्द्र महतोको साझेदारीमा सो रिसोर्ट सञ्चालनमा आएको हो। व्यवसायी लामाका अनुसार अत्याधुनिक रिसोर्टमा आकस्मिक स्वास्थ्य उपचारसहित हेलिप्याडको समेत सुविधा रहेको छ भने निजी भिल्ला लिएर बस्ने पाहुनाले निजी स्वीमिङ पुल, साउना, ज्याकुचीलगायतको सुविधा पाउने छन्।

यहाँ हिमाल वरपरको स्याउका परिकार, भिर मौरीको मह, यार्सागुम्बालगायत जडीबुटी, जडीबुटीबाट निर्मित तेल, हिमाली खाद्यान्न बिक्रीका लागि राखिएका छन्। व्यवसायी लामाले भन्नुभयो, " चितवनको थारु परिकार, जनजीवन रिसोर्टमा पाइन्छ। रिसोर्टमा हालसम्म रु ५० करोडभन्दा बढी लगानी भइसकेको छ। आगामी छ महिनाभित्रमा पूर्णरुपमा सञ्चालन आउँदै गर्दा लगानी रु एक अर्ब माथि नै पुग्ने छ। "

यहाँ आएका पर्यटकलाई चितवन राष्ट्रिय निकुञ्ज, सिराइचुली, देवघाटलगायतका पर्यटकीय गन्तव्यमा घुमाउने व्यवस्था मिलाएको व्यवसायी चौधरीले बताउनुभयो। हालै रिसोर्टको संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले शुभारम्भ गर्नुभएको हो।रासस

# किसानलाई हल गोरु वितरण

भोजपुर।भोजपुरकोहतुवागढी गाउँपालिकाले किसानलाई प्रोत्साहन गर्न हल गोरु वितरण कार्यक्रम सञ्चालन गर्ने भएको छ। यसअघि फैलिएको लम्की स्किन रोगका कारण गोरु मरेपछि किसानलाई प्रोत्साहन स्वरुप हल गोरु वितरणको कार्यक्रम ल्याएको हो।



पशुपन्छी तथा कृषि विकासका लागि रु ५६ लाख २० हजार बराबरको कार्यक्रम सञ्चालन गरिने प्रमुख प्रशासकीय अधिकृत महेश निरौलाले बताउनुभयो। किसानको मागको आधारमा आगामी आर्थिक वर्षमा नौ हल गोरु वितरण गरिने प्रमुख प्रशासकीय अधिकृत निरौलाले जानकारी दिनुभयो। किसानलाई गोरु वितरणको लागि रु तीन लाख ६० हजार बजेटसमेत विनियोजन गरिएको उहाँको भनाइ छ।

"हामीले किसानलाई प्रोत्साहन गर्नको लागि हल गोरु वितरण कार्यक्रमअघि सारेका छौँ", प्रशासकीय अधिकृत निरौलाले भन्नुभयो, "लम्की स्किन रोगले धेरै किसानका गोरु मरेका कारण उनीहरु समस्यामा छन्। यो कार्यक्रममार्फत उनीहरुलाई केही राहत पुग्नेछ।"

किसानलाई ५० प्रतिशत अनुदानमा गोरु वितरण गरिने प्रशासकीय अधिकृत निरौलाले बताउनुभयो।रासस


## सूचिदर्ता गर्ने वारेको सूचना

**सूचना प्रकाशित मिति :२०८१/०३/२५ गते**

जानकी महिला जागरण समाज (JWAS) का लागि आगामि आर्थिक वर्ष २०८१/०८२ मा यस कार्यालयलाई आवश्यक पर्ने तपशिलका विभिन्न वस्तु तथा सेवाहरु पटक पटक खरिद गर्नु पर्ने भएकाले सो सेवाहरु उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त गरेका संस्था, व्यक्ति, फर्म वा कम्पनीहरुले निवेदनका साथ आफ्नो फर्म दर्ता तथा कर चुक्ता गरेको प्रमाण पत्र का प्रतिलिपिहरु सम्बन्धित फर्मको आधिकारिक व्यक्तिवाट प्रमाणित गराई यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले १० (दस) दिन भित्र यस संस्थाको आर्थिक प्रशासन नियमावली २०६२ को परिधिमा रहने गरी मौजुदा सूची (Standing List) मा दर्ता हुन पाऊँ भनी यस कार्यालयको लेखा तथा प्रसाशन शाखामा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। आवेदकहरुलाई मौजुदा सूचीमा समावेश गर्ने वानगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ।

**तपशिल** :

- स्टेशनरी तथा कार्यालय संचालन सम्बन्धी विभिन्न सर सामानहरु
- प्रिन्टिङ्ग, बाइन्डिङ्ग तथा छपाई तथा विज्ञापन प्रकाशन सम्बन्धी विभिन्न कार्यहरु
- कार्यालयलाई आवश्यकफर्निचर, फर्निसिङ सप्लाई तथा मर्मत सम्बन्धीकार्यहरु
- कम्प्युटर, विद्युतियसरसामान उपकरण सप्लाई तथा मर्मत सम्बन्धीकार्यहरु
- सानातथामझौला सवारी साधन भाडामा लिने
- साइकल, मोटर साइकल र जिप मर्मत र सो सम्बन्धी पाटपुर्जाहरु
- कार्यालय भवनको सानोतिनो मर्मत र रङ्गरोगन सम्बान्धीकार्यहरु
- चिठीपत्र ढुवानी सम्बान्धीकुरियर सेवा
- तालिम संचालन सहजिकरण, सर्वेक्षण तथाअनुगमनकालागि परामर्श सेवा
- अन्य फुटकर तथामसलन्द सरसामानहरु
- राहततथा उद्धार सामग्री सप्लाई कार्य
- कम्प्युटर सफटवेयर तथाप्रोग्रामहरु
- साईकल र सिलाई मेसिन सेट
- विभिन्नप्रकारका व्यागहरु
- पशुपालन गरी विक्रीगर्नेफारमहरु
- किराना सामग्रीहरु
- तालिम गोष्ठि सञ्चालनकालागि हल भाडा, क्याटरिङ्ग, आवासको लागिहोटल आदि सम्बन्धि सेवाहरु
- विविधि सामाग्रीहरु आपुर्ति गर्ने जनरल अडर सप्लायर्स सम्बन्धि सेवा
- रु.१०,००,००० (दस लाख) सम्मको निर्माण तथा मर्मत सँहार कार्य

इच्छुक आवेदक फर्म, कम्पनी वा व्यक्तिले माथि उल्लेखित कागजातहरु संलग्न गरी निर्धारीत मितिभित्र यस संस्थाको कार्यालयमा पेश गर्नु पर्ने छ। निवेदन फारमको ढाँचा संस्थामा समेत उपलब्ध रहेको छ।

**सम्पर्कका लागि ठेगाना** :

**जानकी महिला जागरण समाज (JWAS)**

**जनकपुरधाम ४, कटैयाचौरी जानेबाटो, धनुषा**

**इमेल**: jwas@ntc.net.np, info@jwas.org.np

फोन नं ०४१–५९१९५०


# पुरानै शैलीमा पुन:निर्माण हुँदै लमजुङ दरबार

गण्डकी । चौबिसे राज्यका पालाको लमजुङ दरबार पुनःनिर्माण भइरहेको छ। सोह्रौँ शताब्दीमा बनेको जिकिर गरिएको उक्त दरबार जीर्ण भएपछि पुरातत्व विभागले दुई वर्षअघि पुनःनिर्माण थालेको थियो। विभागका इन्जिनियर गोविन्द अधिकारीका अनुसार दरबार पुनःनिर्माणमा झण्डै ७० प्रतिशत भौतिक प्रगति भएको छ।



"स्रोतको कमी भएन भने आगामी आर्थिक वर्षभित्रमा काम पूरा गर्ने लक्ष्य लिइएको छ", उहाँले भन्नुभयो, "यो वर्ष बजेट कम भएकाले सोचे जति काम हुन सकेन।" गत आवमा रु एक करोड ३३ लाख बजेटबाट पुनःनिर्माण सुरु गरिएकामा चालु आवमा सरकारले जम्मा रु ५० लाख बजेट छुट्टाएको थियो। पहिलो वर्ष भक्तपुरको निर्माण कम्पनी 'एनपिएस' र यो वर्ष भक्तपुरकै 'आरजिएस/ विष्णु जेभी'ले दरबार पुनःनिर्माणको जिम्मा पाएको हो।

इन्जिनियर अधिकारीले पुरानै शैली र स्वरुपमा दरबारको पुनःनिर्माण भइरहेको बताउनुभयो। दरबारसहित ऐतिहासिक कालिका मन्दिरको पुनःनिर्माण पनि सँगसँगै भइरहेको उहाँको भनाइ छ। दरबार बुइँगलसहित तीनतले र कालिका मन्दिर प्यागोडा (छाने शैली)को बन्नेछ। दरबार बनाउन चाहिने इँटा, काठ, सुर्कीलगायत निर्माण सामग्री भक्तपुरबाट ल्याइएको इन्जिनियर अधिकारीले जानकारी दिनुभयो। "परम्परागत वास्तुकला झल्काउने गरी दरबार र मन्दिर पुनःनिर्माणको काम भइरहको छ, पुरातात्विक महत्वको संरचना भएकाले निर्माण सामग्री पनि महँगो पर्छ, मेहनत र समय पनि उत्तिकै लाग्छ", उहाँले भन्नुभयो, "मौलिक शैली र स्वरुपमा दरबार बन्छ।" दोस्रो तलाको गारो र झ्याल-ढोका राख्ने काम भइसकेको उहाँले बताउनुभयो। उक्त ऐतिहासिक दरबारको संरक्षण योजनाअन्तर्गत पुरातत्व विभागले पुनःनिर्माणमा अगुवाइ गरेको हो। गाउँसहर कालिका मन्दिर संरक्षण तथा व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र बोहोराले यसै आवभित्र दरबार पुनःनिर्माण गरिसक्ने लक्ष्य लिइए पनि बजेटको सीमितताका कारण कामको प्रगति सुस्त देखिएको बताउनुभयो।

"अघिल्लो वर्षको तुलनामा यो वर्ष बजेट झन घटेर आयो, पर्याप्त बजेट आएन भने आउँदो वर्ष पनि दरबार पुनःनिर्माण पूरा हुने देखिन्न", उहाँले भन्नुभयो, "पुरातत्व विभागले पुनःनिर्माणको काम गरे पनि लमजुङ दरबार कुन सरकारको मातहत रहने भन्ने अन्योल रहँदा ऐतिहासिक महत्वको सम्पदा ओझेलमा परेको छ।रासस

# जीतपुरसिमराको नगरसभा बदर मुद्दामा अदालतले बोलाइयो



**टुडे समाचारदाता**

बारा । बाराको जीतपुरसिमरा उपमहानगरपालिकाको नगरसभा बदरको माग गर्दै उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जमा रिट दायर भएको छ ।

जीतपुरसिमरा उपमहानगरको असार १० गते सम्पन्न नगरसभा कानुन रूपमा अवैध रहेको भन्दै बदर हुनुपर्ने मागसहित ९१ जना नगरसभा सदस्यले सोमबार अदालत गएका छन् ।

उपप्रमुख भोलाप्रसाद अधिकारीसहित नेपाली कांग्रेस, नेकपा एमाले (४ जना बाहेक) र लोसपा नेपालका नगरसभा सदस्यहरूले रिट दायर गरेका छन् । जीतपुरसिमरामा १२२ जना नगरसभा सदस्यमध्ये माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र एमालेका ४ जना नगरसभा सदस्य अदालत उपस्थित भएनन् । उपप्रमुखसहित एमाले, कांग्रेस, लोसपाका नगरसभा सदस्यहरू नगरप्रमुख राजन पौडेल र प्रमुख प्रशासकीय अधिकृत उर्मिला काफ्लेविरुद्ध रिट निवेदन दायर गरेका छन् ।

सो रिटमा अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेर अगामी शुक्रवार दुवै पक्षलाई छलफलका लागि बोलाएको छ ।

न्यायाधीश भरत लम्सालको एकल इजलासले असार २८ गते अन्तरिम आदेशका लागि दुबै पक्षलाई बोलाउने आदेश गरेको छ ।

जीतपुरसिमरा उपमहानगरले पहिलो पटक असार ६ गते, दोस्रो पटक असार ८ गते र तेस्रो पटकमा असार १० गते कानुन बमोजिम २५ प्रतिशत नगरसभा सदस्य पुऱ्याएर नीति तथा कार्यक्रम पास गराएको थियो । नगरप्रमुख पौडेलले नगरसभाबाट नीति तथा कार्यक्रम पास गराउन २५ प्रतिशत अर्थात ३१ जना सदस्य भए पुग्नेमा ३९ जनाले हस्ताक्षर गरेको बताए ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २१ ले स्थानीय तहले प्रत्येक वर्षको असार १० गतेभित्र राजस्व र व्यायको अनुमान नगरसभामा पेस गर्नुपर्ने उल्लेख छ ।

संविधानको धारा २३० को अनुसूची ८, स्थानीय सरकारका सञ्चालन ऐनको दफा २३ र जीतपुर सिमरा उपमहानगरको नगरसभा सञ्चालन सम्बन्धी नियमावली २०७५ अनुसार पहिलो पटक बसेको नगरसभामा ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक संख्या मानिन्छ ।

यदि सो गणपूरक संख्या नपुगेमा ३ दिनभित्रमा दोस्रो पटक बैठक बोलाउने र त्यसवेला पनि ५० प्रतिशत नपुगे २ दिनमा तेस्रो पटक बोलाउने र उक्त बैठकमा २५ प्रतिशत सदस्य उपस्थित भए बैठक बस्न सक्ने कानुनी व्यवस्था छ ।

# सडक भत्काएर अलपत्र छोड्दा घर भासिने जोखिम

**टुडे समाचारदाता**

राजविराज । पुर्वपश्चिम राजमार्गको कञ्चनपुर- कमला सडक योजनाले वर्षौदेखि सडक भत्काएर छोड्दा राजमार्ग आसपासका घरहरु भासिने जोखिम बढेको छ । लामो समयदेखि सडक भत्काएर अलपत्र अवस्थामा छोड्दा भू-क्षय भइ सडक आसपासका घरहरु भासिने उच्च जोखिम बढेको छ ।

सडक निर्माणको क्रममा राजमार्ग क्षेत्रमा खनेर वर्षोवर्षसम्म बेवारिसे अवस्थामा छोड्दा वर्षायाममा आउने बाढीले सडक आसपासका घरहरुमा कटान गर्दा भासिने खतरा बढेको पीडितहरु बताउँछन् ।

घर अगाडि सडक खनेर छोड्दा बाढीले कटान सुरु गर्दा घर भासिने जोखिम बढेको सप्तरीको अग्नीसाईर कृष्णासवरन गाउँपालिका वडा नम्बर २ का रत्न बहादुर तामाङले बताए । आफ्नो समस्या बारे सडक आयोजनाका प्रतिनिधिहरुलाई पटकपटक जानकारी गराउँदा समेत सुनुवाइ नभएको उनले गुनासो गरे ।

'सडक खनेर छोडेको वर्षौ भयो, बाढीले कटान गरेर शौचालय भत्काई सक्यो', उनले भने, 'पानीले कटान गर्दा घरमुनीबाट पानीको भल बग्न थाल्यो, यस्तै हो भने कति बेला घर भासिने हो ठेगान छैन ।'



यी प्रतिनिधिमुलक समस्या मात्र हो, सडक योजनाको लापरबाहीको कारण सयौं व्यक्तिले यस्ता समस्याको सामना गरिएको स्थानीयहरु बताउँछन् ।

सडक निर्माणको क्रममा ढलनिकासका लागि निर्माण गरिएको नालाहरु पुरिएर पानीको निकास ठप्प हुँदा घरभित्र बाढी बग्ने गरेको पीडितहरु बताउँछन् ।

सडक निर्माण कार्यले पानीको निकास रोकिँदा बर्षायाममा बाढी घरभित्र पसेर ठूलो समस्या खेप्नु परेको सडक आयोजना पीडितहरुको दुखेसो छ ।

पानीको वैकल्पिक निकास विनै वर्षौदेखि सडक खनेर अलपत्र अवस्थामा राख्दा सडक आसपासका बासिन्दा बढी मर्कामा परेको रुपनी गाउँपालिका वडा नम्बर ६ का कुमारमान श्रेष्ठले बताए । निर्माण कार्यले तीब्रता नलिंदा हिउँदमा धुलो र बर्षामा बाढी तथा हिलोको मार खेप्नु परेको उनले बताए ।

निर्माण कम्पनी र प्राबिधिक पक्ष हेर्ने इन्जिनियरको हिसाब कितावमा कुरा नमिल्दा सडक निर्माण कार्यले गति नलिंदा आफुहरु यसको मारमा परेको पीडितहरुको कथन छ ।

सडक निर्माणको कार्य चार वर्ष अगाडि देखि सुरु गरिएपनि करिब ४ महिना मात्र समय अवधि बाँकी रहँदा अहिलेसम्म ५० प्रतिशत मात्र काम सम्पन्न भएको छ ।

कञ्चनपुर- कमला सडक योजनाको ठेक्का चाईना रेल्वे नम्बर २ इन्जिनियरिंग ग्रुप कम्पनी लिमिटेडले लिएका छन् भने परामर्शदाता कुनुवाहा इन्जिनियरिंग कनसल्टेसिंग प्रालि (साउथ कोरिया) इन ज्वाइन्ट इन्टरमेन्ट विसिएल एसोसिएसन ( बंगलादेश) र एसोसिएसन विट प्रालि नेपाल रहेको छ ।

सडक निर्माणको कार्यको थालनी २०२० अक्टोबर २९ देखि शुरु भई२०२३ अक्टोबर २८सम्म सक्नुपर्ने भएपनि समयमा काम सम्पन्न नभएपछि पुनः १४ महिना म्याद थप गरि २०२४ डिसेम्बर २८ सम्म पुऱ्याइएको सडक डिभिजन कार्यालय लहानले जनाएको छ ।

वर्षा हुनसाथ निर्माण कार्य ठप्प पारिने गरिएकोले सडक योजनाको काम अझै वर्षोवर्ष लाग्न सक्ने आयोजना पीडितहरुले जानकारी दिए ।

# टुटेश्वरनाथ बारे चासो

**टुडे समाचारदाता**

जलेश्वर । साउने बोलबम मेला नजिकिएसँगै प्राचीन शिवालय टुटेश्वरनाथबारे सरोकार भएकाले चासो बढाएका छन् । मधेशको कैलास र मुलुकको 'बोलबम बाबा स्थान' का रुपमा चिनिएको टुटेश्वरनाथबारे प्रदेश सरकार, बर्दिवास नगरपालिका, सामाजिक सङ्घसंस्था, राजनीतिक दल, प्रशासनिक निकाय र आमनागरिक समाजले चासो बढाएका छन् ।

बर्दिवास नगर कार्यपालिकाको संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिले आइतबार साँझ आयोजना गरेको अन्तरक्रियामा सम्बद्ध सबै सरोकार भएकाले टुटेश्वरनाथ महादेव मन्दिरको संरक्षण गरी पर्यटन प्रव्र्द्धन गर्नुपर्नेमा जोड दिएका छन् । सो शिवालयको संरक्षण र संवर्द्धन गरी यसलाई धार्मिक पर्यटनको गन्तव्यका रुपमा विकास गर्न आवश्यक रहेको कार्यक्रमका सहभागीले निष्कर्ष निकालेका छन् ।

मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृति राज्यमन्त्री शारदा थापाले संस्कृतिको जगेर्ना गरी पर्यटन प्रवर्द्धनका क्षेत्रमा सबै एकजुट भएर लाग्नु पर्नेमा जोड दिए । "यी सम्पदा हाम्रा पहिचान र समृद्धिका आधार हुन्, यिनको संरक्षण र संवर्द्धनमा सबैको एकजुटता आवश्यक छ", उनले भने ।

प्रदेशको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव राजिव पोखरेलले टुटेश्वरनाथसहितका



प्राचीन धार्मिकस्थलको संरक्षण र विकासमा प्रदेश सरकारको चासो रहेको उल्लेख गरे । "टुटेश्वरनाथ स्थानको संरक्षण गरी यसलाई धार्मिक पर्यटकीय गन्तव्य बनाउन प्रदेश सरकारले विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) गरेर काम अघि बढाउने निर्णय गरेको छ", उनले भने ।

सचिव पोखरेलका अनुसार सो प्रयोजनका लागि आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटमा ८० लाख रुपैयाँ विनियोजन गरिएको छ । यहाँ कार्यान्वयन गरिने काम सबै डिजाइन स्वीकृत गरी एकद्वार प्रणालीबाट गरिनुपर्ने उहाँले सुझाव दिए । "डिपिआरले गरेको डिजाइनभित्र काम हुनुपर्छ । केन्द्र, प्रदेश र स्थानीय तहका साथै अन्य सहयोगी निकायबाट प्राप्त सहयोग एकद्वार प्रणालीबाट कार्यान्वयन गरिनुपर्छ", पोखरेलले भने ।

बर्दिवास नगरप्रमुख प्रह्लादकुमार क्षत्रीले टुटेश्वरधामलाई यस क्षेत्रका साथै मधेसकै धार्मिक पर्यटनको मुख्य गन्तव्यका रुपमा विकास गर्न योजना बनाएर काम गरिरहेको भन्दै यसमा नगरले सक्दो प्रयत्न गर्ने प्रतिबद्धता जनाए । यो प्राचीन शिवालय द्वापरयुगमा अर्जुनले भगवान् शिवको तपस्या गरी पाशुपतास्त्र प्राप्त गरेका ठाउँका रुपमा रहेको संस्कृतिविद्ले उल्लेख गर्नुभएको प्राचीन संस्कृतिका अध्येता एवं जिल्लास्थित होटल तथा पर्यटन व्यवसायी सङ्घका अध्यक्ष गुञ्जबहादुर कार्कीले बताए ।

सो कार्यक्रममा वक्ताले टुटेश्वरनाथको संरक्षण, संवर्द्धन र विकासका लागि यसलाई ट्रष्टमा लैजान नगर नेतृत्वलाई सुझाव दिएका छन् । साथै दीर्घकालीन उपलब्धि प्राप्तिका लागि प्रभावकारी योजना निर्माण गर्नुका साथै साउने मेलालाई व्यवस्थापन गर्न जरुरी रहेको सहभागीको भनाइ छ । "यसलाई धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सो सम्बन्धी दीर्घकालीन योजना बनाएर कार्यान्वयन गर्नुपर्छ । साथै बर्सेनि लाग्ने साउने मेलालाई समयसापेक्ष रुपमा परिमार्जन र व्यवस्थापन गर्नु आवश्यक छ", नगरपालिकाकाको संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिका अध्यक्ष हीरालाल गौतमले भने ।

पूर्वपश्चिम राजमार्गको टुटेश्वरचोकबाट सात किलोमिटर सघन वनक्षेत्र छिचोलेर पुगिने बर्दिवास-५ मा यो शिवालय प्राचीन माण्डवीगंगा (अहिले मडहा भनिन्छ) नदीको पूर्वी किनारको पहाडी थुम्कोमा अवस्थित छ । विसं २००२ मा डिट्ठा गौरीनारायण गिरीले वन फँडानी गरी बस्ती बसाउने क्रममा यहाँ शिवलिङ्ग, पत्थर कुँदिएर बनेको बसाहासहित पुरातात्विक महत्वका सामग्री फेला परेका बर्दिवास-५ का वडाध्यक्ष कहारमान स्याङ्वाले बताए । स्थानीय भक्तजनको सहयोगबाट यहाँ मन्दिर निर्माण भएको हो । शिवलिंग, बसाहा र अन्य पुरातात्विक महत्वका सामग्रीको अध्ययनबाट यसलाई संस्कृति अध्येताहरुले महाभारतकालीन भनेका उहाँले जानकारी दिए ।

माण्डवीगंगा, वरुणमति र स्वर्णमति नदीकामाँझ अवस्थित यो ठाउँ शिवजीको पुकारा गरिँदा मनोवाञ्छित फल पाइने श्रद्धालुहरुको विश्वास छ । "१८ किमी दूरी पार गरी माण्डवीगंगा, वरुणमति र स्वर्णमतिको त्रिवेणीबाट ल्याइएको जल शिवलिंगमा चढाउँदा मनोकांक्षा पूरा हुने धार्मिकविश्वास छ", ७२ वर्षीय वासुदेव महतोले भने । यही विश्वासका साथ ३५ वर्षदेखि यहाँ आएर पूजा गर्ने गरेको उनले बताए ।

सो त्रिवेणीको वर्णन मिथिला महात्म्यमा उल्लेख गरिएको जनाउँदै महतोले पूर्वपश्चिम राजमार्ग निर्माणका क्रममा ठेकेदारले बिगारेर मडहा, बेलगाछी र सोनी बनाएका गुनासो गरे । यी तीनवटै नदीको शिवालयसँग अन्योन्याश्रित सम्बन्ध रहेकाले बर्दिवास नगर नेतृत्वले संरक्षण र प्रवर्द्धनमा पहल गर्नुपर्नेमा उनले जोड दिए ।

टुटेश्वरधाममा लाग्ने साउने मेला दर्शनका लागि मधेशका साथै मुलुकका अन्य जिल्ला र भारतका विभिन्न भेगबाट बर्सेनि लाखौं श्रद्धालु यहाँ आउने गरेका छन् । धार्मिक महत्व रहेको यस ठाउँमा पूर्वाधार निर्माण, खानेपानी, शौचालय, सुरक्षा र सवारी पार्किङको व्यवस्था नहुँदा भक्तजनलाई सास्ती हुने गरेको स्थानीय महतोले बताए ।

# पूर्वअधिकृत गैरकानूनी सम्पत्ति आर्जन मुद्दामा दोषी ठहर

**टुडे समाचारदाता**

वीरगञ्ज । गुणस्तर तथा नापतौल कार्यालय, पर्साका पूर्वअधिकृत शशिभूषणकुमार यादव गैरकानूनी सम्पत्ति आर्जन मुद्दामा दोषी ठहर भएका छन् । उनलाई विशेष अदालतले दोषी ठहर गरेको छ ।

अदालतका अध्यक्ष न्यायाधीश टेकनारायण कुँवर र सदस्य न्यायाधीशद्वय रामबहादुर थापा र मुरारीबाबु श्रेष्ठको इजलासले यादवलाई दोषी ठहर गरेको छ ।




अदालतले उनलाई ६ महिना कैद र ३ करोड ३० लाख ५१ हजार ३३६ रुपैयाँ जरिवानाको सजायसमेत तोकेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यादवको वैध आय-व्यय गणना गर्दा उनले गैरकानूनी सम्पत्ति आर्जन गरेको पाइएको छ ।

उनको वैधानिक आयभन्दा ३ करोड ३० लाख ५१ हजार ३३६ रुपैयाँ बढी सम्पत्ति आर्जन गरेको पाइएको छ ।

# एक करोड ८९ लाख मुल्य बराबरको सामग्री बरामद

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा प्रहरीले बिलबिजनक नभएको एक करोड ८९ लाख ५० हजार छ सय २२ रुपैयाँ मूल्य बराबरका सामग्रीहरुसहित दुई वटा ट्रक नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएका प्रहरीले वीरगञ्ज महानगरपालिका-२५ स्थित एकीकृत जाँचचौकी नजिकै सडकमा रोकिराखेका दुई वटा ट्रकबाट हार्डवेयर र मोटरपार्टस् बरामद गरेको छ ।



पर्सा प्रहरीका प्रहरी नायब उपरीक्षक दीपक भारतीले दुई वटा मालबाहक ट्रकबाट बरामद भएका हार्डवेयर र मोटरपार्टस् सोमबार कानुनी प्रक्रिया पुऱ्याएर राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको बताए ।

प्रहरीले ना ६ ख ४०५८ र ना ३ ख १८७ नं को दुई वटा ट्रकबाट सो समान बरामद गरेको छ ।

# 'प्रविधिमैत्री शैक्षिक सामग्री आवश्यक'

**टुडे समाचारदाता**

लहान । सिरहाको लहान नगरपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न प्रविधिमैत्री शैक्षिक सामग्री आवश्यक रहेको भन्दै वितरण गर्न माग गरेको छ ।

जनशक्ति व्यवस्थापन र अपुग शिक्षक दरबन्दी कायम गर्ने तथा विद्यालयको भौतिक संरचना निर्माण र स्तरोन्नतिमा ध्यान दिन आग्रह गरिएको छ ।

नगरपालिकाले विद्यालयको शिक्षण सिकाइलाई व्यवहारिक र प्रविधिमैत्री बनाउनका लागि एक विद्यालय एक कम्प्युटर प्रयोगशाला, एक कक्षा एक शिक्षक र प्रति कक्षा पंखाको अवधारणा लागू गर्न आर्थिक वर्ष २०७९/८० मा ६ करोड र चालू आर्थिक वर्ष ०८०/८१ मा आठ करोड विनियोजन गरेको लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले बताए ।

नगरप्रमुख चौधरीले बताए अनुसार यस वर्ष तीन सय ३० बेन्च र ३६ कम्प्युटर तथा प्रिन्टर वितरण गरिएको छ । विद्यालयको शैक्षिक सुधारलाई प्राथमिकतामा राखिएको उनले बताए । उनले भने, "प्रविधिमैत्री बनाउन र साधनस्रोत कम भएका विद्यालयलाई आवश्यकताका आधारमा नगरले सहयोग गर्दैआएको छ ।"

एक विद्यालय एक शिक्षक कार्यक्रमअन्तर्गत एक सय २५ स्वयम सेवक शिक्षक भर्ना गरिएको छ । नगरका ५९ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न प्रयत्नशील रहेको नगरप्रमुख चौधरीले बताए । शहिद रमेश महतो आधारभूत विद्यालयका प्रधानाध्यापक उपेन्द्र महतोले नगरपालिकाको नियमित अनुगमनबाट शैक्षिक सुधार गर्न हौसला मिलेको बताए ।

# तीन थान सालको गोलिया बरामद

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको पर्सागढी नगरपालिका वडा नम्बर ३ पकडिया टोलबाट सालको



गोलिया बरामद भएको छ ।

सशस्त्र प्रहरी र नेपालको प्रहरीको दुई छुट्टाछुट्टै टोलीले ३ थान सालको गोलिया बरामद गरेको छ । विशेष सुचनाको आधारमा सशस्त्र प्रहरी बल सुरक्षा बेस बागेश्वरी तित्रौनाका सशस्त्र प्रहरी निरीक्षक अमृत थापाको गस्ती टोलीले दुई थान सालको गोलिया बरामद गरेको थियो । राष्ट्रिय वनबाट तस्करी गरी ल्याइ लुकाइछिपाइ राखेको अवस्थामा सो सालको गोलिया भएको र बरामद काठ आवश्यक कारवाहीका लागि बिन्दबासीनी कोईलाभार साझेदारी वन उपभोक्ता समिती बडनिहारमा बुझाएको सशस्त्र प्रहरी निरीक्षक अमृत थापाले जनाएका छन् ।

त्यस्तै इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक मोहनजंग बुढाथापाको कमान्डमा खटेको प्रहरी टोलीले समेत १ थान सालको गोलिया बरामद गरेको छ ।

पर्साको राष्ट्रिय वनबाट सालको काठ कटान गरी गोलिया बनाएर अबैध रुपले सञ्चालित फर्निचरहरुमा पुऱ्याइन्छ । यद्यपी यसबारे सुरक्षा निकायहरु भने मुकदर्शक बन्ने गरेको स्थानीयले आरोप लगाएको छ ।

# दुई जनाको शव फेला

**टुडे समाचारदाता**

रौतहट । रौतहटको छुट्टाछुट्टै स्थानमा दुई जनाको शव फेला परेको प्रहरीले जनाएको छ ।



जिल्लाको माधव नारायण नगरपालिका- ९ स्थित गढो गाउँ नजिकै बागमती नदी किनारमा आइतबार एक जना पहिचान नखुलेको अन्दाजी ५३ वर्षीय पुरुषको शव फेला परेको छ ।

सशस्त्र प्रहरी ११ नम्बर हेक्वा रौतहटबाट गएको टोलीले उक्त शवलाई पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल गौरमा पठाएको छ ।

त्यस्तै यमुनामाई गाउँपालिका- ४ स्थित साँझ खोला किनारमा पनि आज एक जना अपरिचित ३० बर्सिया महिलाको शव फेला परेको छ । स्थानीयको सूचनाको आधारमा सशस्त्र प्रहरी बल बोर्डर आउट पोस्ट बेलबिछावा र हेक्वाबाट गएको संयुक्त टोलीले महिलाको शव पनि पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौरमा पठाएको सशस्त्र प्रहरी रौतहटका प्रहरी उपरीक्षक विक्रम हुमागाईंले जानकारी दिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८